"सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!"

दिगो विकास लक्ष्यको स्थानीयकरण योजना

कीर्तिपुर नगरपालिका वि.सं. २०७८ - २०८३

प्रकाशक

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फोन न : ०१ ४३३१११०, ०१ ४३३१७९५
फ्याक्स नं. : ०१ ४३३१३८१
वेवसाईट : www.kirtipurmun.gov.np
ईमेल : ict.munkirtipur@gmail.com

प्रकाशन प्रति : ५००
प्रकाशन मिति : २०७६

सहयोग

यो योजना कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सूचना प्रविधि उपशाखाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहयोगमा २०७६ मा तयार तथा प्रकाशन गरेको हो ।

अस्वीकरण

यस योजनामा व्यक्त विचार लेखकका हुन् र तिनमा युएनडीपी, नेपालको प्रतिनिधित्व गर्दैनन् ।

© कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सूचना प्रविधि उपशाखा

तस्बिर सौजन्यः युएनडीपी नेपाल, पुर्णिमा श्रेष्ठ, ज्ञानकुमार महर्जन र कीर्तिपुर नगरपालिका

"सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!"

दिगो विकास लक्ष्यको स्थानीयकरण योजना

कीर्तिपुर नगरपालिका वि.सं. २०७८ - २०८३

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं ।
बागमती प्रदेश, नेपाल ।

प.स.
च.न.

मितिः-

प्राक्कथन

सरस्वती खड्का
नगर उपप्रमुख
कीर्तिपुर नगरपालिका

रमेश महर्जन
नगर प्रमुख
कीर्तिपुर नगरपालिका

कीर्तिपुर नगरपालिका एउटा ऐतिहासिक तथा सांस्कृतिक पहिचान बोकेको सहर हो । नेपालको राजनैतिक इतिहासमा समेत छुट्टै महत्व राख्ने यस नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थानहरू, आधुनिक विकासको युगमा समेत निरन्तरता पाएका पुराना परम्परा तथा संस्कार र सांस्कृतिक चालचलन, चाडपर्वहरू, हालसम्म पनि जीवन्त रहेका जात्रा र पौराणिक कला तथा कौशल बोकेका मठ-मन्दिरहरू र पाटी-पौवाहरूले कीर्तिपुरलाई वास्तवमै अरूभन्दा फरक मात्र देखाउँदैन, यसले राष्ट्रकै प्राचीन वैभव र गौरवलाई समेत प्रतिनिधित्व गरिरहेको छ ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वको समतामूलक विकास र समृद्धिका लागि सुरू भएको सहस्राब्दी विकास लक्ष्यको परिणाम र त्यसैको जगमा टेकेर पुन आह्वान गरिएको दिगो विकासका लक्ष्यहरु (२०१६ -२०३०) लाई कार्यान्यवन गर्न नेपाल सरकार पनि प्रतिवद्ध छ । सो कार्यान्वयनका लागि सङ्घीय सरकारले तयार गरेको मार्गचित्रले तय गरेका राष्ट्रिय तहमा हासिल गर्नुपर्ने लक्ष र उद्देश्यहरूको परिपूर्तिका लागि स्थानीय तहको भूमिका निकै महत्वपूर्ण हुन्छ, जसका लागि हरेक स्थानीय सरकारले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी स्थानीय परिवेश, भौगोलिक अवस्था, आर्थिक, सामाजिक तथा सांस्कृतिक स्थितिलाई समेत ध्यानमा राखेर नीति, योजना तथा कार्यक्रमहरु निर्माण गर्नुपर्दछ ।

कीर्तिपुर नगरपालिका दिगो विकासका लक्ष्यहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ । यसै प्रतिबद्धता अनुसार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपीडिपि) सँगको सहकार्यमा कीर्तिपुर नगरपालिकाका लागि "दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण" सम्बन्धी कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याउन पाउँदा हामी निकै खुशी र उत्साहित छौं । विकासको प्रतिफलबाट नगरमा बसोबास गर्ने कोही पनि पछाडी नपरून भन्ने मूल मान्यता अनुरुप नै दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्ने योजना तयार गर्ने प्रयास नगरपालिकाले गरेको छ र यस योजनाको कार्यान्वयनले नगरपालिकामा रहेका सीमान्तकृत र विकासमा पछाडी परेका समुदायको जीवनस्तरमा सुधार आउनुका साथै सबै जनताको जीवनस्तर माथी उठ्ने छ भन्ने हामीले बिश्वास लिएका छौं ।

यस योजना निर्माण गर्ने क्रममा निरन्तर लागि पर्नु हुने सबै कार्यपालिका तथा नगरसभा सदस्यहरू, नगरपालिकाका कर्मचारी, विभिन्न सरोकारवालाहरू र हामीलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने युएनडीपी, कीर्तिपुर नागरपालिकासंगको साझेदारीलाई प्रभावकारी बनाउन नियमित सहयोग गर्नुहुने युएनडीपीकी आईसानी मेदागनगोदा-लाबे, बिन्दा मगर, गीताञ्जली राई लगायतका अन्य कर्मचारीहरू र दिगो विकास लक्ष्यको स्थानीयकरण योजना तयार गर्न सहयोग गर्नुहुने परामर्शदाता अधिवक्ता सुदर्शन सुवेदीप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।

दिगो विकासका लक्ष्यहरु कार्यान्वयन गर्न नगरपालिकाको मात्र जिम्मेवारी नभएर सबै नगरवासी, नगर क्षेत्रमा रही विभिन्न पेशा व्यवसाय गर्ने निजी तथा गैरसरकारी निकाय, प्राज्ञिक क्षेत्रका सबै सरोकारवाला, विकास साझेदारहरुको पनि त्यत्तिकै अहम भूमिका रहन्छ । विगतमा जस्तै यस योजना सफल पार्ने सबैको सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा समेत लिएको छौं ।

कीर्तिपुर, काठमाडौं, फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१
Kirtipur, Kathmandu, Phone No.: 977-1-4331805,4331693, Fax No.: 977-1-4331381,
E-mail: ict.munkirtipur@gmail.com

विषय सूची

दिगो विकास लक्ष्यको स्थानीयकरण-कीर्तिपुर नगरपालिका २

कीर्तिपुर नगरपालिकाको संक्षिप्त परिचय ३

नगर विकासको अवधारणा ४

नेपालमा नगर विकास ५

दिगो विकास लक्ष्य (Sustainable Development Goals) ६

दिगो विकास लक्ष्य कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता ९

दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा स्थानीय तहको भूमिका १०

दिगो विकास लक्ष्यको स्थानीयकरण ११

कीर्तिपुर नगरपालिका भित्रका विकासका प्रमुख समस्याहरूको विश्लेषण १२

दगो विकास लक्ष्य र कीर्तिपुर नगरपालिकाका विकासका सवालहरू १६

कीर्तिपुर नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरणको बृहत उद्देश्य १७

दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि कीर्तिपुर नगरपालिकाकाको ५ वर्षिय योजना २०७८-२०८३ १८

आर्थिक विकास (दिगो विकास लक्ष्य १, २, ८ र १०) १८

सामाजिक विकास (दिगो विकास लक्ष्य ३, ४, ५, ६) २९

पूर्वाधार विकास (दिगो विकास लक्ष्य ७, ९, ११) ४५

संस्थागत विकास र सुशासन (दिगो विकास लक्ष्य १६ र १७) ६३

अनुगमन तथा मुल्याङ्कन ७१

दिगो विकास लक्ष्यको स्थानीयकरण

कीर्तिपुर नगरपालिका

कीर्तिपुर नगरपालिकाको संक्षिप्त परिचय[१]

कीर्तिपुर नगरपालिका एउटा ऐतिहासिक र सांस्कृतिक पहिचान बोकेको नगरपालिका हो । नेपालको इतिहासमा यस नगरपालिकाको एउटा छुट्टै महत्व र पहिचान रहेको छ । कीर्तिपुर नगरपालिकामा रहेका ऐतिहासिक र सांस्कृतिक महत्व बोकेका धार्मिक तथा सांस्कृतिक स्थान, आधुनिक विकासको युगमा समेत निरन्तरता पाएका दुर्लभ संस्कार र परम्परा, सांस्कृतिक चलन, चाडपर्वपर्वहरू, हालसम्म पनि जिवन्त रहेका जात्रा र पौराणिक कला र कौशल बोकेका मठ-मन्दिरहरू र पाटी- पौवाहरूले कीर्तिपुरलाई वास्तवमै अरूभन्दा फरक देखाउँछ । कीर्तिपुर नगरपालिकाका लागि यी विशेषताहरू सामान्य पहिचान मात्र नभएर विकास र वैभवका आधारहरू पनि हुन् ।

कीर्तिपुर नगरपालिकामा नेवार जातिको बाहुल्यता छ भने यहाँ वसोबास गर्ने अन्य जातिहरूमा बाहुन, क्षेत्री, तामाङ लगायत पर्दछन् । यो नगरपालिका नेपालको राजधानी काठमाडौं महानगरपालिकासँग जोडिएको भएर यहाँ प्राय नेपालको मेचीदेखि महाकालीसम्मका विभिन्न जिल्लाबाट आएका मानिसहरू स्थायी वा अस्थायी रूपमा वस्ने गर्छन् । नेपालको एकमात्र पुरानो र ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय पनि यसै नगरपालिकामा पर्ने भएकाले देशका विभिन्न भागबाट र विश्वका विभिन्न ठाउँबाट आएका मानिसहरू यस नगरपालिकामा बस्छन् । मल्ल कालदेखि नै कला र संस्कृतिले धनी यस नगरले आधुनिक नेपालको निर्माणमा महत्वपूर्ण भूमिका त खेलेको छ नै, नेपालको समय-समयमा हुने ठूला-ठूला राजनैतिक परिवर्तन र आन्दोलनहरूमा पनि कीर्तिपुरका बासिन्दाहरूको भूमिका निकै अग्रणी हुनेगरेको छ ।

कीर्तिपुर नगरपालिकाको गठन वि.सं २०५३ चैत्र १४ गते तत्कालिन आठ गा.वि.स. हरू क्रमशः लायकु, चिठु बिहार, पालिफल, बाहिरी गाउँ, पाँगा विष्णुदेवी, पाँगा बालकुमारी, चोभार भुतखेल र चम्पादेवी गाभेर नगरपालिका ऐन, २०४८ अनुसार भएको हो । कीर्तिपुर नगरपालिका सबैभन्दा ठूलो र विकसित महानगरपालिका सँग जोडिएको भएर पनि विकासका अवसरहरूमा तुलानात्मक रूपमा पछाडी परेको छैन । वाणिज्य, व्यावसाय र उद्योगको दृष्टिकोणले हेर्दा यहाँ विभिन्न औद्योगिक कलकारखानाहरू रहेका छन् भने सडक यातायत, बजार, खानेपानी, विजुली र सञ्चारको राम्रो व्यवस्था छ । कीर्तिपुर शहरको उत्तरमा काठमाडौं महानगरपालिका, दक्षिणमा दक्षिणकाली नगरपालिका, पूर्वमा वागमती नदी र ललितपुर महानगरपालिका र पश्चिममा चन्द्रागिरी नगरपालिका पर्दछ ।

कीर्तिपुर नगरपालिकाको कूल क्षेत्रफल १४.७६ वर्ग कि.मी. छ भने वि. सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार कीर्तिपुरको कूल जनसंख्या ६५,६०२ रहेको छ जसमा ५५.५०% पुरूष र ४४.५० % महिला रहेका छन् । यस नगरपालिकाका मुख्य स्थानहरूमा पाँगा, चोभार, भाजंगल, टौदह, ट्याँङ्गला फाँट, चम्पादेवी, नगाउँ, सल्यानस्थान, नयाँ बजार र भत्क्यापाटी पर्छन् । यस शहरको अधिकांश भाग कृषि क्षेत्र र जङ्गलले ढाकेको छ । करिब ११० किलोमिटर सडक संजाल रहेको कीर्तिपुर नगरपालिकामा कालोपत्रे सडक भने ३५ किलोमिटर मात्र छ । कुल सडक संजालको ४० किलोमिटर ग्राभेल सडक छ भने बाँकी ३५ किलोमिटर कच्ची सडक छन् । नगरपालिका भित्र पर्ने मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरूमा आदिनाथ मन्दिर, चिलन्चो बिहार, टौदह, जलबिनायक, मञ्जुश्री पार्क, पुष्पलाल पार्क, सहिदस्मृति पार्क, बाघ भैरव, विष्णुदेवी मन्दिर, जलपादेवी, ज्वालामुखी योगिनी, जालान्धर पिठ, पिशाचेश्वर महादेव रहेका छन् । यहाँका प्रमुख मेला र जात्राहरूमा चम्पादेवी मेला ,बुद्ध जयन्ती, सिथि नखः गथांम्वः चःह्रे (चतुर्दशी), जनै पूर्णिमा (बहाः चाःहिलेगु परिक्रमा), गुंला पर्व (एक महिनासम्म), गाईजात्रा/सापारु , कृष्ण जन्माष्टमी, आराध्यदेव बाघभैरव जात्रा , त्रला पर्व , घटस्थापना-कोजाग्रत पूर्णिमा, तिहार/चोभार आदिनाथ एक महिना आदिनाथ मेला, कीर्तिपुर ईन्द्रायणी जात्रा,

[१] http://www.kirtipurmun.gov.np/ne/node/3

पांगा विष्णुदेवी/बालकुमारी जात्रा, नगाउँ बालकुमारी जात्रा, गाम्चा विष्णुदेवी जात्रा (सात गाउँ जात्रा), माघे संक्रान्ति (घ्यःचाकु संल्हू), शिवरात्री/सिला चःह्रे चतुर्दशी, होली पूर्णिमा (फागु नखः), नख्खु स्नान जात्रा, राम नवमी, चोभार आदिनाथ जात्रा पर्छन् । यहाँका बासिन्दा सबैभन्दा बढी कृषि पेशामा निर्भर रहेको देखिएता पनि अधिकांश ज्याला मजदूरीका अलावा घरेलु उद्योग, पसल व्यावसाय र विभिन्न सेवा क्षेत्रमा कार्यरत छन् । यो नगर खुला दिसामुक्त, पूर्ण साक्षर र पूर्णखोपयुक्त घोषणा भईसकेको नगरपालिका हो ।

नगर विकासको अवधारणा

आधुनिकताको प्रभावसँगै मानिस गाउँबाट सहरमा बसोबास गर्न थालेको हो । नयाँ अवसरको खोजी, सुख, सुविधा, छिटो छरितो सेवा र सुरक्षाका लागि नै मानिस गाउँबाट सहर प्रवेश गरेको देखिन्छ । सहर भन्नासाथ त्यससँग बाक्लो जनसंख्या, भौतिक सुख-सुविधा, आधुनिकता, गुणस्तरियता र प्रविधि स्वतः जोडिन्छ । अझ हाम्रो बुझाइमा त सहर वा नगर भन्नासाथ त्यसलाई विकासको प्रतिक पनि मानिन्छ । कुनैपनि सहरको विकास भनेको त्यस सहरमा वस्ने वासिन्दा र त्यस सहरमा विभिन्न कारणले लामो वा छोटो अवधिका लागि आउने जाने मानिसहरूका लागि हो । नगरक्षेत्रभित्र वसोबास गर्ने मानिसहरूमा सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, शारीरिक, मानसिक, लैङ्गिक, उमेर आदिको आधारमा विविधता हुन्छ । संसारको चाहे त्यो जति नै विकसित वा अविकसित सहर वा नगर किन नहोस् त्यसले यस्ता विविधताहरू बोकेकै हुन्छ । नगरको अस्तित्व नगरबासीसँग गाँसिएको हुन्छ भने नगरवासीको अस्तित्व नगरको विकाससँग जोडिएको हुन्छ त्यसैले नगर विकास प्रकृयाले सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक लगायत अन्य धेरै विविधताहरूलाई संबोधन गर्नुपर्छ ।

विश्व बैंकका अनुसार संसारको झण्डै पचास प्रतिशत मानिसहरू सहरमा वसोवास गर्छन[२] र विश्वका हरेक देशमा विकाससँगै सहरीकरण बढ्दो अवस्थामा छ । काम र अवसरको खोजीमा मानिसहरू गाउँबाट सहरतर्फ स्थाइ वा अस्थाइ रूपमा वसाँइ सर्ने क्रम पनि बढ्दो छ ।

नगर योजना भनेको एउटा प्रणालीवद्ध प्रयास हो जसमा विकासका रणनीतिहरू सिमित साधन र स्रोतको सिमामा रहेर निश्चित उद्देश्यहरू पूरा गर्नकालागि कार्यान्वयन गरिन्छ[३] । नेपालमा नगर विकासको प्राचिन इतिहासलाई हेर्यो भने लिच्छवी काललाई सबैभन्दा राम्रो मानिन्छ र सहरलाई वाणिज्य, पूर्वाधार विकास व्यापारको केन्द्रविन्दु बनाइएको देखिन्छ । यस कालमा सहर बसाउने र नगरको विकास गर्ने काम योजना बनाएर दिगो हुने किसिमले गर्नेगरेको देखिन्छ । त्यतिवेला बनाइएका धारा, ढल निकास, चोक, मठमन्दिर र दरवारहरूको निर्माण, सडकको व्यवस्था, खुला स्थानहरू, वस्ती वसाउने तरिका, पोखरी आदिलाई अहिले पनि अध्ययन गर्दा योजना बनाएर नगरको विकास गर्ने अभ्यास निकै राम्रोसँग भएको देखिन्छ ।

> कीर्तिपुर नगरपालिका एउटा ऐतिहासिक र सांस्कृतिक पहिचान बोकेको नगरपालिका हो । नेपालको इतिहासमा यस नगरपालिकाको एउटा छट्टै महत्व र पहिचान रहेको छ । कीर्तिपुर नगरपालिकामा रहेका ऐतिहासिक र सांस्कृतिक महत्व बोकेका धार्मिक तथा सांस्कृतिक स्थान, आधुनिक विकासको युगमा समेत निरन्तरता पाएका दुर्लभ संस्कार र परम्परा, सांस्कृतिक चलन, चाडपर्वपर्वहरु, हालसम्म पनि जिवन्त रहेका जात्रा र पौराणिक कला र कौशल बोकेका मठ-मन्दिरहरु र पाटी- पौवाहरुले कीर्तिपुरलाई वास्तवमै अरुभन्दा फरक देखाउँछ ।

[२] https://www.worldbank.org/en/topic/urbandevelopment

[३] Acharya, Krishna Raj. Urban Planning and Economic Development of Nepal.

नेपालमा नगर विकास

नेपालमा योजनाबद्ध आधुनिक विकासको सुरूवात २०१३ सालबाट सुरू भएको हो र सो योजनावद्ध विकासको क्रमसँगै आधुनिक नगरहरूको विकास पनि हुन थालेको हो । यसरी हेर्दा हामीले देशमा योजनाबद्ध विकासको सुरूवात गरेको ६० वर्ष भन्दा बढी भैसकेको देखिन्छ तरपनि हाम्रा नगरहरूले विकासका आधुनिक सूचकहरूका कसिमा राखेर हेर्दा विकसित नगरको रूप धारण गर्न सकेका छैनन् । सामान्यतया व्यवस्थित र सुरक्षित मानव वस्ती, रोजगारीका अवसरहरू, सफा र फराकिला सडकहरू, व्यवस्थित, पहुँचयुक्त, सुरक्षित र सुविधासम्पन्न सार्वजनिक यातायात सेवा, सबैलाई सफा पिउने पानीको व्यवस्था, शिक्षा र स्वास्थ्यको राम्रो व्यवस्था, गुणस्तरीय दैनिक उपभोग्य वस्तु तथा सेवाहरू उपलब्ध हुने बजार, फोहोरको प्रभावकारी दिगो व्यवस्थापन, वातावरणीय सन्तुलन, विद्युत तथा संचारको पर्याप्त व्यवस्था, कुनै विपद् आपत आइपर्दा गएर वस्न सकिने सुरक्षित खुला स्थानहरू, ढल निकासको राम्रो व्यवस्था, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा लैङ्गिक मैत्री भौतिक संरचना, सेवा तथा सूचना प्रणाली, मनोरञ्जनका साधन र स्थलहरू, खेलकुदको विकासका लागि आधारभूत पूर्वाधार र सुविधाहरू, पर्याप्त सेवा उत्पादन तथा वितरण केन्द्र, प्रभावकारी नगर सुरक्षा संयन्त्र जस्ता अत्यावश्यक पूर्वाधारहरू आधुनिक नगरका आधारभूत पहिचान हुन् । तर उल्लेखित विशेषताहरू भएका नगरहरू हामीले निर्माण गर्न सकेका छैनौँ । हाम्रा नगरहरू प्रायः व्यवस्थित भन्दा पनि अव्यवस्थित र अस्तव्यस्त धेरै देखिन्छन् । बढी जनघनत्व, फोहोर, अपर्याप्त सेवा सुविधा र प्रदुषण हाम्रा सहरका मुख्य चुनौतिहरू हुन् । हाम्रा सहरका पूर्वाधार र सहर सँग सम्बन्धित सूचना र तथ्याङ्क प्रणाली कमजोर छ र प्रभावकारी छैन । जमिनको व्यवस्थापन छरपष्ट, धेरैजसो अष्पष्ट छ र यसको खरिद विक्री, उपयोग र संरक्षण व्यवस्थित, वैज्ञानिक र आधुनिक हुन सकेको छैन । तराईका सहरहरूमा ३२% मानिसहरूको मात्र धाराबाट वितरण गरिएको पानीमा पहुँच छ भने पहाडी सहरहरूका ८१ % मानिसहरूले त्यस्तो पहुँच पाएका छन् तर पानीको गुणस्तर राम्रो छैन । नियमित र समयमा पानी नआउने समस्या प्राय सबै सहरहरूको नियति हो । सहरका ५६ % मानिसको मात्र सरसफाईसम्बन्धी सुविधाहरूमा पहुँच छ र सहरमा वस्नेहरू पनि ८८ % मात्र शौचालयको प्रयोग गर्न पाउँछन् । फोहोर व्यवस्थापनलाई हेर्ने हो भने ५८ नगरपालिकाहरूमध्ये ६ वटाको मात्र फोहोरमैला व्यवस्थापन गर्ने आफ्नै डम्पिङ साइट छ[४] ।

धान्न नसकिने वा महँगो आवासीय सुविधा र अनधिकृत वा गैरकानुनी तरिकाले गरिने जमिन माथिको कब्जा पनि नेपालका सहरहरूको अर्को ठूलो चुनौति हो । अपर्याप्त र अव्यवस्थित यातायात तथा सडक पूर्वाधार र अपर्याप्त उर्जा पनि हाम्रा सहरहरूको मुख्य समस्या हो । सहरमा रहने गरिविको रेखामुनी रहेको जनसंख्या बढ्दो अवस्थामा छ । सन २००३/०४ मा सहरमा रहने गरिबीको रेखामूनि पर्ने जनसंख्या १० प्रतिशत थियो भने २०११ मा यो १५ प्रतिशतको हाराहारीमा पुग्यो[५] । नेपालका नगरहरूको पूर्वाधारको अवस्था पनि एकनासको छैन । कुनै नगरको पूर्वाधारको अवस्था तुलनात्मक रूमा एकदमै उच्च छ भने कुनैको असाध्यै कमजोर पनि छ । नेपाल सरकारले तय गरेको सहरी पूर्वाधार अवस्था सूचक (Urban Infrastructure Conditions Index) (छोटकरीमा UICI पनि भनिने) को आधारमा गरिएको लेखाजोखाको परिणामलाई हेर्दा ५८ वटा नगरपालिकाहरूमा काठमाडौं सबैभन्दा उच्च स्थानमा देखिन्छ भने बर्दियाको गुलरिया सबैभन्दा कमजोर अवस्थामा रहेको देखिन्छ । तथापि यसको अर्थ काठमाडौँ चाहीँ एकदमै नमुना सहरको रूपमा छ भन्ने चाहीँ होइन । देशभित्रकै सहरहरू एकअर्कामा तुलना गर्दा देखिएको अवस्था मात्र हो । केन्द्रीय तथ्यांक विभागले दिएको एक प्रतिवेदन अनुसार कुल गार्हयस्थ उत्पादनमा नगरहरूको योगदान निकै राम्रो देखिन्छ । कुल गार्हयस्थ उत्पादनको झण्डै ३० % योगदान सहरी क्षेत्रले गरेको छ भने बाँकी ३० % सहरी क्षेत्र नजिक रहेका वा सहरसँग जोडिएका गाउँपालिकाहरूले गरेका छन् । यसले पनि देश विकासका लागि वा देशको कुल गार्हयस्थ उत्पादनमा योगदान पुर्याउन नगरहरूको विकासमा लगानी गर्नुपर्ने कुरा पुष्टि हुन्छ ।

---

[४] सहरी विकास मन्त्रालयबाट प्राप्त सूचनाको आधारमा प्रस्तुत गरिएको तथ्याङ्क

[५] Acharya Krishna Prasad. 2018. Urban Planning and Economic Development of Nepal. Tribhuwan University Journal. Vol 32. No. 2, December.

दिगो विकास लक्ष्य (Sustainable Development Goals)

हामी बसेको पृथ्वी र हामी सम्पूर्ण मानव समुदायको समृद्धिको निम्ति विश्वव्यापी रूपमा सहमति गरिएको विकासको खाका नै दिगो विकासको लक्ष्य हो । मानव समुदाय र पृथ्वीको वहुपक्षीय र दिगो विकासका लागि संयुक्त राष्ट्रसंघले सन २०१६ देखी २०३० सम्मका लागि विकासका लागि लक्ष्यर सूचकहरू जारी गरेको छ । यसलाई दिगो विकासका लक्ष्यवा विश्वव्यापी विकास लक्ष्यपनि भनिन्छ । नेपाल पनि दिगो विकास लक्ष्यहरूको पक्षराष्ट्र हो । दिगो विकास लक्ष्यका निम्नलिखित पाँच मुख्य स्तम्भहरू रहेका छन् ।

१) **पृथ्वी** (Planet): हामी बस्ने पृथ्वीमा रहेको वातावरण, प्राकृतिक साधन र स्रोतहरूलाई भावी पुस्ताका लागि विकास र संरक्षण गर्ने ।

२) **मानव** (People): विश्वबाट सबै प्रकारका गरीवी र भोकमरीको अन्त्य गर्ने, मर्यादा एवम समानता कायम गर्ने ।

३) **समृद्धि** (Prosperity): प्रकृतिसँग सामानजस्यता कायम गरी समृद्ध र समुन्नत मानव जीवनको सुनिश्चितता गर्ने ।

४) **शान्ति** (Peace): शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाजको निर्माण गर्ने ।

५) **साझेदारी** (Partnership): सशक्त विश्वव्यापी साझेदारी द्वारा दिगो विकासका मुद्दाहरूको कार्यान्वयन गर्ने ।

उल्लेखित पाँचवटा स्तम्भहरूलाई मुख्य सिद्धान्तको रूपमा लिएर "**कसैलाई पनि पछाडी नपार्ने**" अर्थात **Leave No One Behind** भन्ने मुल मन्त्र वा उद्देश्यका साथ संयुक्त राष्ट्रसंघले सन २०३० सम्ममा हासिल गर्नका लागि कुल १७ वटा मुख्य लक्ष्यहरू निर्धारण गरेको छ । यी १७ वटा मुख्य लक्ष्यका १६९ वटा सहायक लक्ष्यहरू र २३२ वटा सूचकहरू छन् । दिगो विकास लक्ष्य विकासको कुनै छुट्टै नमूना वा फरक प्रकृतिको अवधारणा होइन । हरेक राष्ट्रले देशको विकास गर्दा माथि उल्लेखित पाँचवटा स्तम्भहरूलाई मुख्य ध्यान दिनुपर्छ र आफ्ना विभिन्न वार्षिक वा आवधिक योजना तथा कार्यक्रमहरूमा दिगो विकासका लक्ष्यहरूलाई समावेश गरेर विकासका कार्यक्रमहरू संचालन गर्नुपर्छ भन्ने हो । दिगो विकासका मुख्य लक्ष्यहरूलाई क्रमशः तल प्रस्तुत गरिएको छ ।

सबै ठाउँबाट सबै प्रकारको गरिवीको अन्त्य गर्ने ।

भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिलाई प्रवर्धन् गर्ने ।

३ मानवका लागि स्वस्थ जीवन	सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन् गर्ने ।
४ गुणस्तरीय शिक्षा	सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन् गर्ने ।
५ लैङ्गिक समानता	लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र किशोरी र बालिकालाई सशक्त बनाउने ।
६ स्वच्छ पानी र सरसफाइ	सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
७ किफायति र विश्वसनीय उर्जा	सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।
८ आर्थिक वृद्धि र मर्यादित काम	भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि, तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन् गर्ने ।

९ उद्योग, खोज र पूर्वाधार	उत्थानशील पूर्वाधारहरूको निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरणलाई प्रवर्धन् गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने ।
१० असमानताको न्यूनीकरण	मुलुकभित्र तथा मुलुकहरूबीचको असमानतालाई घटाउने ।
११ दिगो शहर र समुदाय	शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।
१२ दिगो उपभोग र उत्पादन	दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
१३ जलवायू सम्बन्धी कार्य	जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रणका लागि तत्काल पहल सुरू गर्ने ।
१४ जल जीवन	दिगो विकासका लागि महासागर, समुद्र र सामुद्रिक साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।

१५ स्थलीय जीवन	स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन् गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भू-क्षय रोक्ने, जैविक विविधताको संरक्षण गर्ने ।
१६ शान्ति, न्याय र सक्षम निकायहरु	दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन् गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने, सबै तहमा समावेशी, जवाफदेही र प्रभावकारी संस्थाहरूको निर्माण गर्ने ।
१७ दिगो विकासका लागि साझेदारी	दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि साधन र स्रोत सुनिश्चित गर्ने ।

दिगो विकास लक्ष्य कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता

नेपाल सरकारले दिगो विकासको कार्यान्वयनका लागि राष्ट्रिय मार्गचित्र सन् २०१६-२०३० बनाइसकेको छ जसले नेपाललाई सन् २०३० सम्ममा मध्यम आय भएको न्यायपूर्ण र समृद्ध मुलुक बनाउने परिकल्पना गरेको छ । दिगो विकास लक्ष्यका विश्वव्यापी २३४ सूचकहरूमा नेपाल सरकारले स्थानीय आवश्यकतालाई मध्यनजर गरी थप २४५ वटा सूचक थप गरेर जम्मा ४७९ सूचकहरू बनाएको छ । राष्ट्रिय योजना आयोगले दिगो विकासको कार्यान्वयनलाई मध्यनजर गर्दै राष्ट्रिय आकांक्षाहरू समेतको पन्ध्रौं योजना तयार गर्नुका साथै दिगो विकास लक्ष्यको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न विभिन्न तहमा संरचनाहरू निर्माण गरिसकेको छ । यो योजनाको कार्यान्वयनका लागि सङ्घीय देखी स्थानीय तहसम्मै सरकारहरूलाई जिम्मेवार बनाइएको छ । यसका लागि समन्वय गर्न सङ्घीय तहमा राष्ट्रिय योजना आयोग, प्रदेश तहमा प्रदेश योजना आयोग (नीति आयोग) र स्थानीय तहमा स्थानीय पालिका रहेका छन् ।

बागमति प्रदेश सरकारले दिगो विकास लक्ष्यको लागि प्रदेशको अवस्था मुल्याङ्कन गरी प्रदेश स्तरीय मार्गचित्र तय गरेको छ । यस मार्गचित्रले दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि तीनवटा मुख्य रणनीतिहरू अगाडि सारेको छ । पहिलो रणनीति अनुसार योजना तथा बजेट निर्माण प्रणालीमा नियमित रूपमा दिगो विकासका लक्ष्यहरूको समावेश गर्ने, दोस्रो रणनीति अनुसार स्थानीय सरकारका कामहरूमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने र तेस्रो रणनीतिमा अनुगमन, मुल्याङ्कन तथा नियमित पृष्ठपोषण प्रणालीको विकास गर्ने भन्ने रहेको छ[६] । यस मार्गचित्रले पनि दिगो विकास लक्ष्यको स्थानीयकरणलाई महत्व दिएको देखिन्छ ।

[६] Sustainable Development Goals (SDGs), Status and Roadmap of Bagmati Province. Bagmati Province Government, Province Policy and Planning Commission 2020.

दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनमा स्थानीय तहको भूमिका

नेपालको संविधानले स्थानीय तहलाई जनताका दैनिक सरोकारका विषय र सेवासुविधाहरूका विषयमा काम गर्न सबैभन्दा धेरै अधिकारहरू दिएको छ । जनताका दैनिक सरोकार र उनीहरूलाई राज्यले प्रदान गर्नुपर्ने सार्वजनिक सेवा, प्राथमिक तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारी, स्थानीय तहका भौतिक तथा अन्य पूर्वाधार विकास, स्थानीय सुरक्षा, स्थानीय तहको सांस्कृतिक विकास, खानेपानी, सरसफाई, कृषि विकास जस्ता विषयहरू सबै स्थानीय तहको जिम्मेवारी अन्तर्गत पर्छन् । यसैगरी सामाजिक समावेशीकरणसँग जोडिएका महिला, बालबालिका, दलित, जनजाती, आदिवासी, मधेशी, लैङ्गिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, युवा, अपाङ्गता भएका व्यक्ति सबैका सवालहरूलाई स्थानीय तहमा संबोधन गर्ने जिम्मेवारी पनि स्थानीय तहको नै हो । तसर्थ दिगो विकासका प्रतिफलहरूबाट स्थानीय जनतालाई लाभान्वित गराउने काममा स्थानीय सरकार र सरोकारवाला सबैको भूमिका निकै महत्वपूर्ण रहन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई मुख्य रूपमा पाँच वटा विकासका क्षेत्रहरू क्रमशः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातवरणीय विकास र संस्थागत विकास एवम सुशासन गरी पाँच क्षेत्रमा काम गर्ने प्रष्ट जिम्मेवारी र अधिकारहरू प्रदान गरेको छ । स्थानीय तहले स्थानीय तहको विकासका लागि योजनाहरू तर्जुमा यिनै विभिन्न क्षेत्रहरूसँग सम्बन्धित विषयगत समितिहरू निर्माण गरी कामहरू गरिरहेका उदाहरणहरू पनि छन् । दिगो विकास लक्ष्यहरूले पनि यिनै क्षेत्रहरूलाई अलि व्यापक रूपमा समेट्ने भएको हुनाले स्थानीय विकासका योजनाहरूमा विभिन्न विषयगत समितिले गर्ने विकासका कामहरूमा दिगो विकास लक्ष्यलाई राम्रो सँग समेट्न सकिन्छ र समेट्न जरूरी छ ।

स्थानीय तहका लागि संविधानको अनुसूची ८ ले दिएका अधिकारहरूसँग दिगो विकास लक्ष्यहरुको अन्तरसम्बन्ध

स्थानीय तहलाई संविधानले दिएका अधिकार र जिम्मेवारीहरू प्रत्त्यक्ष र परोक्ष रूपमा दिगो विकासका विभिन्न लक्ष्यहरूसँग सम्बन्धित छन् । संविधानले दिएका कुन कुन अधिकारहरू दिगो विकासका कुन-कुन लक्ष्यसँग सम्बन्ध राख्छन् भन्ने कुरा तलको तालिकामा उल्लेख गरिएको छ[७] ।

क्र.सं.	विकासका मुख्य क्षेत्रहरू	संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहका अधिकारहरू	अनुसूची ८ का अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरू
१	आर्थिक विकास	१०. स्थानीय बजार, ११. ग्रामीण सडक, कृषि सडक तथा सिंचाई १५. कृषि तथा पशुपालन, १८. कृषि उत्पादन व्यवस्थापन, कृषि प्रसारको व्यवस्थापन संचालन र नियन्त्रण २. सहकारी	१. सबै प्रकारको गरिवीको अन्त्य गर्ने २. भोकमरीको अन्त्य गर्ने १०. मुलुक भित्र असमानता हटाउने ८. मर्यादित काम तथा आर्थिक विकास
२	सामाजिक विकास	८. आधारभूत र माध्यमिक शिक्षा ९. आधारभूत स्वास्थ्य, सरसफाइ, ढल निकास १९. खानेपानी २२. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू १७. बेरोजगारको तथ्याङ्क संकलन	४. सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा ३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन ६. सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता ५. लैङ्गिक समानता हासिल गर्ने ।

[७] दिगो विकास लक्ष्यको स्थानीयकरण, गाउँपालिका र नगरपालिकाको आवधिक योजना र बजेटमा दिगो विकासका लक्ष्यलाई आन्तरिकिकरण गर्ने दिग्दर्शन २०७६, राष्ट्रिय योजना आयोगमा उल्लेख गरिएकोलाई आधार मानिएको ।

३	पूर्वाधार विकास	७. स्थानीय स्तरका विकास आयोजना र परियोजनाहरू ११. स्थानीय सडक १४. घरजग्गा धनीपूर्जा बितरण १९. साना जलबिद्युत आयोजना, वैकल्पिक उर्जा	९. उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगिकीकरण, खोज ११. समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बसोवास ७. धान्न सक्ने तथा स्वच्छ उर्जा
४	वातावरणको व्यवस्थापन	१०. वातावरण संरक्षण र जैविक विविधता २१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ ९. सरसफाइ (फोहोरमैला व्यवस्थापन) २०. विपद् व्यवस्थापन	१२. दिगो उपभोग र उत्पादन प्रणाली १३. जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण १४. जलजन्तुको संरक्षण १५. स्थलीय जीव जन्तुको संरक्षण
५	संस्थागत विकास, सुशासन	१२. गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ४. स्थानीय कर ५. स्थानीय सेवाको व्यवस्थापन ६. स्थानीय तथ्याङ्क र अभिलेख संकलन १३. स्थानीय अभिलेख व्यवस्थापन ३. एफ.एम. रेडियो संचालन, १. नगर प्रहरी	१६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन् गर्ने १७. लक्ष्य हासिलका लागि साझेदारी ।

दिगो विकास लक्ष्यको स्थानीयकरण

दिगो विकास लक्ष्य सङ्घीय चासोको मात्र विषय होइन । दैनिक जनसरोकारका विषय, शान्ति सुरक्षा, सेवा सुविधाहरूमा पहुँच, आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय रोजगारी, स्थानीय तहका तथ्याङ्क र सूचनाहरू लगायत धेरै विषयहरू स्थानीय सरकारको जिम्मेवारी अन्तर्गत पर्ने भएको हुनाले उक्त विषयहरूसँग सम्बन्धित दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय तहको भूमिका नै सबैभन्दा महत्वपूर्ण हुन्छ । स्थानीय निकायका पूर्वाधार विकासका योजनाहरू सबै दिगो विकासको लक्ष्यसँग नै जोडिएका हुन्छन् । दिगो विकासको सन्दर्भमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको भूमिका अलग-अलग हुन्छ तर स्थानीय पालिकाहरूमा लक्ष्यहरू कार्यान्वयन हुन सकेनन् भने त्यसको प्रत्यक्ष नकारात्मक असर राष्ट्रिय लक्ष्यहरूमा नै पर्छ । तसर्थ दिगो विकासका लक्ष्यहरूलाई हरेक गाउँ तथा नगरपालिकाहरूले आवधिक र बार्षिक योजनाहरूमा समेट्नुपर्छ र स्थानीय तहमा विकासका लक्ष्यहरू तय गर्दा दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई योगदान गर्नेगरि गर्नुपर्छ । दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्नु भनेको यसका लक्ष्यहरू हासिल गर्ने कार्यमा स्थानीय निकायहरू मात्र जिम्मेवार हुनु भन्ने नभएर यसका लक्ष्यहरू हासिल गर्न स्थानीय र प्रदेश अनि स्थानीय र सङ्घीय सरकारबीचमा दिगो विकास लक्ष्य हासिल गर्न समन्वय र सहकार्य स्थापित गर्नुपनि हो[८] । आम नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सबै खाले विकासका कामहरू स्थानीय पालिकासँग नै जोडिने हुनाले दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न स्थानीय सरकारको सबैभन्दा धेरै भूमिका हुने हुनाले पनि स्थानीय तहमा यसको आन्तरिकीकरण जरूरी छ ।

नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले सार्वजनिक सेवाका सबै कामहरू गर्ने अधिकार स्थानीय निकायलाई दिएको छ र ती सार्वजनिक सेवासँग सम्बन्धित कामहरू दिगो विकासका लक्ष्यहरूसँग सम्बन्धित छन् । त्यसैले सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन स्थानीय तहले दिगो विकास लक्ष्यलाई आधार बनाएर सार्वजनिक सेवाका योजनाहरू तर्जुमा गर्नुपर्छ ।

[८] दिगो विकास लक्ष्यको स्थानीयकरण, गाउँपालिका र नगरपालिकाको आवधिक योजना र बजेटमा दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गर्ने दिग्दर्शन २०७६, राष्ट्रिय योजना आयोगमा उल्लेख गरिएकोलाइ आधार मानिएको ।

कसैलाई पनि पछि नछाड्ने (**Leave No One Behind**) दिगो विकासको मुख्य उद्देश्य हो । यो उद्देश्य पूरा गर्नका लागि जनतासँग सरकारले एकदमै नजिक रहेर काम गर्नुपर्छ र सबैका लागि उपयुक्त योजना बनाउन सही सूचना र तथ्यांकको जरूरी हुन्छ । यी कामहरूका लागि स्थानीय सरकारभन्दा अर्को कुनै विकल्प हुँदैन । स्थानीय स्रोत साधनको दिगो परिचालन र समावेशी विकास दिगो विकास लक्ष्यको अर्को महत्वपूर्ण पाटो हो । यसका लागि स्थानीय स्तरमा जन परिचालन र सबैको समान सहभागिता जरूरी हुन्छ र यसका लागि स्थानीय सरकारकै भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ ।

कीर्तिपुर नगरपालिका भित्रका विकासका प्रमुख समस्याहरुको विश्लेषण

यस नगरपालिकाको विकासका समस्याहरूलाई दुइवटा विधिबाट विश्लेषण गरिएको छ । पहिलो विधि अनुसार अध्ययनकर्ता स्वयमले अवलोकन गरेर र दोस्रो विधिमा विभिन्न सरोकारवाला, विज्ञ र नगरपालिकाकै जनप्रतिनिधि र कर्मचारीहरूसँगको छलफल र अन्तरवार्ता गरेर समस्याहरू पहिचान गर्ने प्रयास गरिएको छ । समस्या विश्लेषणलाई निम्म लिखित पाँचवटा विकासका क्षेत्रहरूसँग जोडेर गरिएको छ ।

क) सामाजिक विकास सँग जोडिएका समस्याहरु

शिक्षाः नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । यसकारण यो सबैका लागि अनिवार्य, गुणस्तरीय, सुलभ र सहज हुनुपर्छ । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क दिनुपर्ने भनेको छ । कीर्तिपुरकीर्तिपुर नगरपालिकामा सामुदायिक, गुठीद्वारा संचालित, कंपनीमा दर्ता भएका र निजी क्षेत्रद्वारा संचालित गरी जम्मा ३८ वटा विद्यालयहरू छन्, जस मध्ये सामुदायिक विद्यालयको संख्या १२ मात्र छ । नगरपालिकाभित्र ३ वटा सरकारी कलेजहरू छन् जसमा ८ हजार भन्दा बढी विद्यार्थीहरू अध्ययन गर्छन् । तर नगरपालिकामा रहेका सरकारी अनुदानबाट संचालित सामुदायिक विद्यालयहरूको अवस्था नाजुक छ । बदलिँदो आवश्यकता अनुसारको पूर्वाधार, सुविधा र मानव स्रोतको अभावमा विद्यालयहरूले गुणस्तरीय शिक्षा उपलब्ध गराउन सकेका छैनन्[९] । गुणस्तरीय शिक्षाको अभावमा विद्यार्थीहरू सामुदायिक विद्यालय छोडेर महँगो शुल्क तिरेर निजी विद्यालयमा जान बाध्य छन् । विद्यालयका शिक्षक, पठनपाठन विधि नयाँ र बदलिँदो आवश्यकता अनुसार अध्यावधिक भएको छैन । बजेटको अपर्याप्तता छ । विद्यालयहरू भौतिक रूपमा अपङ्गता भएका बालबालिकाहरू लगायत सबै प्रकृतिका बालबालिकाहरूका लागि मैत्रीपूर्ण छैनन् र शिक्षण सिकाइ पद्दतिलाई पनि अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता अनुसार पूर्ण रूपमा समावेशी बनाउन सकिएको छैन । विद्यार्थीहरूको विद्यालय छोड्ने दरमा कमी ल्याउनु जरूरी छ ।

स्वास्थ्य र सरसफाइः स्वास्थ्य र सरसफाइ मानिसको लागि सबैभन्दा मुख्य अधिकार हो । हरेक नगरवासी स्वस्थ रहने र आधारभूत स्वास्थ्य सेवामा उनीहरूको निःशुल्क पहुँच स्थापित हुनुपर्छ । हरेक नागरिकले स्वच्छ पानी पिउन पाउनुपर्छ र उनीहरू बस्ने वातावरण सफा हुनुपर्छ । आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनुपर्छ र नगरमा विशिष्ट स्वास्थ्य सेवा सुलभ र सहज हुनुपर्छ । नागरिकलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकारको कर्तव्य हो र यसका लागि नगरमा सामुदायिक अस्पताल, स्वास्थ्य चौकीहरूले उपलब्ध गराउने सेवा स्तरीय, प्रभावकारी र पर्याप्त हुनुपर्छ । सार्वजनिक स्वास्थ्य सँग सम्बन्धीत नगर सरसफाइ, उपभोग्य वस्तुहरूको गुणस्तर, महामारी नियन्त्रण र रोकथाम, प्रदुषण नियन्त्रण जस्ता विषयहरूमा संवेदनशील हुनुपर्ने दायित्व सरकार र नागरिक दुवैको हो । तर कीर्तिपुर नगरपालिकामा स्वास्थ्य संग सम्बन्धित यी कुराहरू पर्याप्त रूपमा विकसित

[९] कीर्तिपुर नगरपालिकाका कर्मचारी, जनप्रतिनिधिसँगको कुराकानी र कार्यालयले उपलब्ध गराएका प्रतिवेदन र तथ्याङ्कहरूमा आधारित ।

भएका छैनन् । एकातिर स्वास्थ्य केन्द्र र अस्पतालहरूले नागरिकहरूमाथि गर्ने आर्थिक शोषण त छँदैछ अर्कोतिर सरकारी वा सामुदायिक अस्पताल वा स्वास्थ्य चौकीहरूले दिने सेवाहरू गुणस्तरीय छैनन् । पूर्वाधारको विकास पर्याप्त भएको छैन । कीर्तिपुर नपरपालिकामा जम्मा १६ वटा सार्वजनिक शौचालयहरू रहेको देखिन्छ तर ती मध्ये ११ वटा चाहीँ वडा नं. ६ र १० मा मात्र रहेका छन् । बाँकी ८ वटा वडाहरूका लागि ५ वटा सार्वजनिक शौचालय रहेका छन् । उपलब्ध तथ्याङ्कलाई हेर्दा वडा नं. ४, ३, ५ र ८ मा अझै पनि सार्वजनिक शौचालयहरू छैनन्[१०] । सार्वजनिक स्वास्थ्यको दृष्टिकोणबाट हेर्दा यो संख्या कीर्तिपुर नगरपालिकाको जनसंख्याको चाप र सहरीकरणको अवस्था हेर्दा एकातिर समानुपातिक देखिँदैन भने अर्कोतिर पर्याप्त पनि छैन । ती सार्वजनिक शौचालयहरू सबैका लागि मैत्रीपूर्ण र पहुँचयुक्त छैनन् साथै रेखदेख तथा संचालन पनि गुणस्तरीय र प्रभावकारी छैन । कीर्तिपुरमा सरकारी अस्पताल जम्मा तीनवटा मात्र छन् । धेरै जसो जनसंख्याले निजी अस्पतालहरूको भर पर्नुपरेको अवस्था छ ।

कीर्तिपुर नगरपालिका भित्रको फोहोर व्यवस्थापन उपयुक्त तरिकाले हुन नसक्दा यो चुनौतीपूर्ण समस्या बनेको छ । महामारी नियन्त्रण रोकथामका लागि पनि पर्याप्त सुविधा र पूर्वाधारहरू छैनन् । कीर्तिपुर नगरपालिकाकाबाटै प्राप्त जानकारी अनुसार फोहोरमैला व्यवस्थापन उपयुक्त तरिकाले हुन नसक्नुका पछाडि फोहोरमैला व्यवस्थापन र सरसफाइका लागि रणनैतिक योजना नहुनु, आम मानिसमा जनचेतनाको कमी, फोहोरलाई वर्गीकरण गर्न नसक्नु, फोहोर प्रशोधनका लागि प्राविधिक सीप र ज्ञानको अभाव हुनु, स्वास्थ्यजन्य फोहोरमैलाको उचित व्यवस्थापन हुन नसक्नु र उपयुक्त तथा दिगो डम्पीङ साइट नहुनु मुख्य कारणहरू हुन् ।

अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक पर्ने विशिष्टिकृत स्वास्थ्य सेवाहरू जस्तै परामर्श, शल्यकृया, थेरापी, सहायक सामग्रीको उचित व्यवस्थापन गरी नगरपालिकाले सहज र सुलभ तरिकाले सेवा उपलब्ध गराउन सकेको छैन ।

[१०] कीर्तिपुर नगरपालिकाका कर्मचारीसँगको कुराकानी र उपलब्ध गराएको सार्वजनिक शौचालयको संख्या र विवरण सम्बन्धी प्रतिवेदनमा आधारित ।

कीर्तिपुरनगरपालिकामा ७ वटा स्वास्थ्य चौकी र ३ वटा सहरी स्वास्थ्य केन्द्रहरू छन् । यी स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा, एकीकृत बालरोग शिशु स्वास्थ्य व्यवस्थापन सेवा, गर्भवती जाँच, ए.एन.सी., पी.एन.सी. सेवाहरू, खोप क्लिनीक र गाउँ घर क्लिनीक सेवा, क्षयरोग औषधि वितरण सेवा, नियमित ओ.पी.डी. जस्ता उपचारात्मक सेवाहरू संचालन हुँदै आएका छन् । यति हुँदाहुँदै पनि कीर्तिपुर नगरपालिकामा विभिन्न स्रोत साधनको अभाव, पूर्वाधारको अभाव र योजनाबद्ध विकासको अभावका कारण स्वास्थ्य संस्थालाई पूर्णरूपमा मापदण्ड अनुसार संचालन गर्न सकिएको छैन । सबै वडाहरूमा स्वस्थ्य केन्द्रहरूको स्थापना गर्न सकिएको छैन । आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाई सबैको पहुँचमा पुर्याउन सकिएको छैन ।

उपलब्ध तथ्याङ्कका आधारमा हेर्दा ८९ % घरधुरीमा पिउने पानीको आपूर्ति गर्ने व्यवस्था गरिएको छ तर पानीको नियमित आपूर्ति भने हुन सकेको छैन । अधिकांश जनता अझैपनि पानी बाहिर खरिद गरेर पिउनु पर्ने बाध्यतामा छन् । ११ % घरधुरीमा भने अझै पनि पानी आपूर्तिको व्यवस्था हुन सकेको छैन ।

रोजगारीः कीर्तिपुरनगरपालिका पर्यटन, कृषि, उद्योग सबै खाले क्षेत्रमा रोजगारीको संभावना भएको नगरपालिका हो । तर रोजगारीका पर्याप्त संभावनाहरू बोकेको नगर हुँदाहुँदै पनि युवाहरूको सशक्तीकरण र रोजगारी प्रवर्धन् का लागि खासै स्पष्ट योजनाहरू नगरपालिकासँग छैनन् । युवाहरूमा बेरोजगारी बढ्दो अवस्थामा छ जसका कारण विदेश पलायन हुने, सामाजिक अपराधमा लाग्ने र कुलतमा लाग्नेहरूको संख्या पनि वढीरहेको छ ।

सामाजिक सुरक्षाः सामाजिक सुरक्षा सबै नागरिकहरूका लागि निकै महत्वपूर्ण हुन्छ किनभने नागरिकले राज्यलाई कर तिरेका हुन्छन् । राज्यले आम नागरिकलाई कुनै न कुनै रूपमा सामाजिक सुरक्षाको अधिकार उपयोग गर्ने अवसर प्रदान गर्नुपर्छ । नेपालको संविधान २०७२ को धारा ४१ ले ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । यसैगरी धारा ४२ को ५ मा शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्दा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था गरिएको छ । संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकको छुट्टै व्यवस्था गरिएको छ जस अनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकहरूलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने भनिएको छ । कीर्तिपुरनगरपालिकाको हकमा चर्चा गर्दा यस नगरपालिकाले नगरक्षेत्रका नागरिकहरूको सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, बालबालिका सुरक्षा भत्ता, अपाङ्गता भत्ता, ज्येष्ठ नागरिक औषधि उपचार भत्ता जस्ता कार्यक्रमहरू संचालन गर्दै आएको छ । तर सामाजिक सुरक्षासँग जोडिएको भत्ता वितरणका कार्यक्रमहरूबाहेक लक्षित समूहका लागि अरू प्रभावकारी सामाजिक सरक्षाका कार्यक्रमहरू नगरपालिकामा संचालन हुन सकेका छैनन् । यस्ता प्रकारका सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरूबाट लाभान्वित हुनुपर्नेहरूमा अपाङ्गता भएका व्यक्तिहरू पनि पर्छन् । उनीहरूका लागि सार्वजनिक सेवामा पहुँच स्थापना गर्नेदेखि लिएर, उनीहरूका लागि चाहिने सहायक सामग्री, सहयोगी सेवा र दैनिक जीवनयापनलाई सहज बनाउन विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू संचालन हुन सकेका छैनन् ।

सामाजिक असमानताः समाजमा धनि र गरिब बीचको खाडल ठूलो छ । लिङ्ग, जात, भूगोल, गरिबी, अपाङ्गता आदिका आधारमा गरिने सामाजिक विभेदका कारण सामाजिक असमानता चर्को छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, गरिब तथा विपन्न वर्गका मानिसहरू समाजमा सीसीमान्तकृत वर्गको रूपमा सेवा सुविधा र अधिकारबिहीन भएर रहन बाध्य छन् । सामाजिक कुरीतीहरू र पुरातन धार्मिक तथा सांस्कृतिक अंधविश्वासहरूका कारण समाजमा विभिन्न प्रकारका असमानताहरू कायम छन् ।

सबैका लागि पहुँचयुक्त सडक तथा संचार, दिगो विद्युत वा उर्जा, जनमैत्री यातायात, दिगो, सुरक्षित, समावेशी तथा उत्थानशील संरचनाहरू भौतिक विकासका मुख्य पूर्वाधार हुन । स्वच्छ, सन्तुलित र दिगो वातावरण मानव जीवनको समग्र विकासको अर्को मुख्य पूर्वाधार हो । किर्तीपुर नगरपालिकाको सन्दर्भमा चर्चा विकासका पूर्वाधारहरुमा धेरै गर्न बाँकी रहेको र यससँग सम्बन्धित धेरै समस्या र चुनौती विद्यमान छन् ।

ख) आर्थिक विकाससँग जोडिएका समस्याहरु

कीर्तिपुर नगरपालिका नेपालको राजधानी रहेको महानगरपालिकासँग जोडिएको नगरपालिका भएको हुनाले यसको आर्थिक विकासका प्रचुर संभावनाहरू छन् । उद्योग, पर्यटन, व्यापार र कृषि सबै क्षेत्रबाट आर्थिक लाभ लिन सक्ने क्षमता र अवसर भएको भएता पनि यस नगरपालिकाले यी क्षेत्रहरूको व्यापक परिचालन गरी पर्याप्त आर्थिक विकास गर्न सकेको छैन । धार्मिक तथा सांस्कृतिक पर्यटनको माध्यमबाट धेरै आर्थिक उपार्जन गर्न सकिने संभावनाहरू हुँदाहुँदै पनि पर्यटनलाई संगठित, व्यवस्थित र व्यावसायीक बनाउनेतर्फ प्रभावकारी योजनाहरू बन्न सकेका छैनन् । यसैगरी वैज्ञानिक तथा आधुनिक कृषि उत्पादन गर्न सकिने संभावनाहरू धेरै हुँदाहुँदै पनि यस क्षेत्रमा नगरपालिकाले लगानी गर्न सकेको छैन ।

ग) सांस्कृतिक विकाससँग जोडिएका समस्याहरु

कीर्तिपुर सांस्कृतिक दृष्टिकोणले निकै नै सम्पन्न क्षेत्र हुँदाहुँदै पनि यस क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका क्षेत्र तथा धरोहरहरूले पर्याप्त संरक्षण पाएका छैनन् । आन्तरिक तथा बाह्य पर्यटकहरूलाई निकै राम्रोसँग आकर्षण गर्न सक्ने र इतिहास, समाजशास्त्र र संस्कृतिका अध्येताहरूका लागि निकै महत्व राख्ने धेरै क्षेत्र तथा स्थलहरूलाई पर्याप्त संरक्षण गर्न नसकिएको हुनाले यसबाट हुन सक्ने आर्थिक लाभ लिन नगरपालिकाले सकिरहेको छैन । कीर्तिपुरमा चलनचल्तिमा रहेका चाडपर्वबाड र जात्राहरूको प्रचार प्रसारले पनि नगरलाई धेरै आर्थिक फाइदा पुर्याउन सकिनै संभावनाहरू छन तर यसका लागि दिगो योजना निर्माण गगरी कार्याक्रमहरू सञ्चालन गरिएका छैनन् ।

घ) पूर्वाधार र वातावरणीय विकाससँग जोडिएका समस्याहरु

सबैका लागि पहुँचयुक्त सडक तथा संचार, दिगो विद्युत वा उर्जा, जनमैत्री यातायात, दिगो, सुरक्षित, समावेशी तथा उत्थानशील संरचनाहरू भौतिक विकासका मुख्य पूर्वाधार हुन् । स्वच्छ, सन्तुलित र दिगो वातावरण मानव जीवनको समग्र विकासको अर्को मुख्य पूर्वाधार हो । कीर्तिपुरनगरपालिकाको सन्दर्भमा चर्चा गर्दा विकासका पूर्वाधारहरूमा धेरै गर्न बाँकी रहेको र यससँग सम्बन्धित धेरै समस्या र चुनौती विद्यमान छन् । नगरपालिकाका सबै क्षेत्रहरूमा व्यवस्थित सडक, मार्ग, गल्ली तथा फुटपाथहरू बन्न सकेका छैनन् भने बनेका पनि आधुनिक सहरको मान्यता र मापदण्ड अनुसार बन्न सकेका छैनन् । अधिकांश सडक, मार्ग तथा गल्लीहरू कालोपत्रे हुन सकेका छैनन् । अधिकांश फुटपाथहरू पैदलयात्रीहरूका लागि व्यवस्थित र सहज छैनन् । अधुरा, अपुरा, धुलो र हिलोले युक्त र धेरै साँघुरा सडक तथा गल्लीहरू नगरको सुन्दरताको दृष्टिले र नगरवासिहरूको सहजता र सुरक्षाको दृष्टिले निकै चुनौतीपूर्ण छन् । नगरभित्र संचालित यातायात सेवा सबैका लागि मैत्रीपूर्ण र सहज छैनन् । सार्वजनिक स्थलहरू ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका लगायतका लागि पूर्णरूपमा पहुँचयुक्त छैनन् भने भौतिक संरचनाहरू सुरक्षित र उत्थानशील छैनन् । सार्वजनिक तथा निजी संरचनाहरूलाई भूकम्प लागायत अन्य विपद् प्रतिरोधी बनाउन योजनाबद्ध प्रयासको थालनी भएको छैन ।

दिगो विकास लक्ष्य र कीर्तिपुर नगरपालिकाका विकासका सवालहरू

क्र.सं.	विकासका मुख्य क्षेत्रहरू	अनुसूची ८ का अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरू	कीर्तिपुर नगरपालिकाका विकासका सवालहरू
१	आर्थिक विकास	१. सबै प्रकारको गरिवीको अन्त्य गर्ने २. भोकमरीको अन्त्य गर्ने १०.मुलुक भित्र असमानता हटाउने ८. मर्यादित काम तथा आर्थिक विकास	नगरक्षेत्रमा गरिवीको अवस्थामा र गरिवीको रेखामुनि रहेका नागरिकहरूको पहिचान गरी उनीहरूको आर्थिक उपार्जन र गरिवी निवारण ।
			सहर भित्र भोकमरीको अवस्थामा रहेका असहाय, अशक्त र वेसहारा नागरिक, सडक बालबालिकाहरूको पहिचान, उचित व्यवस्थापन र भोकै रहनुपर्ने अवस्थाबाट मुक्ति । नगरभित्र हुने कृषि कार्यको प्रोत्साहन ।
			नगरक्षेत्रमा विद्यमान आर्थिक, जातीय, लैङ्गिक लगायत अन्य प्रकारका असमानताहरूको न्यूनीकरण ।
			पर्यटन उद्योग र कृषिमा सुधार तथा लगानी । युवाहरूका लागि रोजगारी तथा स्वरोजगारी ।
२	सामाजिक विकास	४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा ३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन ६. सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता ५. लैङ्गिक समानता हासिल गर्ने ।	सामुदायिक विद्यालय र कलेजहरूको स्तरोन्नति, सामुदायिक विद्यालयहरूमा सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता, शैक्षिक संस्थाहरूमा अपाङ्गता भएका बालबालिका लगायत सबै खाले विद्यार्थीहरूको समान पहुँच, विभेदको अन्त्य, शैक्षिक पूर्वाधारमा योजनाबद्ध विकास र मानवस्रोतको क्षमता विकास ।
			ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, विपन्न तथा गरिवीको अवस्थामा रहेकाहरूका लागि विशेष व्यवस्था सहित सबै नगरबासीलाई न्यूनतम आधारभूत स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच
			नगरक्षेत्रको सरसफाइ, फोहोरमैलाको उचित व्यवस्थापन र सबै नगरबासीहरूलाई नियमित रूपमा शुद्ध पिउने पानीको आपूर्ति । अन्य सरसफाइका लागि चाहिने पानीको नियमित आपूर्ति, ढल व्यवस्थापन,
			नगरक्षेत्रभित्र परिवार, समुदाय र सार्वजनिक क्षेत्रमा महिला, किशोर किशोरीहरू र तेस्रो लिङ्गीमाथि हुने लैङ्गिक भेदभावहरूको अन्त्य ।
३	पूर्वाधार विकास	९. उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगिकीकरण, खोज ११.समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बसोवास ७. धान्न सक्ने तथा स्वच्छ उर्जा	नगर क्षेत्रका सडक, यातायात सेवा र सार्वजनिक स्थलहरूलाई सबैका लागि सहज, पहुँचयुक्त र सुरक्षित बनाउनुपर्ने । नगर क्षेत्रका लागि चाहिने पूर्वाधार विकासका सवालहरूमा खोज र अनुसंधानहरू गर्नुपर्ने ।
			सांस्कृतिक तथा ऐतिहासिक संपदाहरूको संरक्षण, जीर्णोद्वार, पुननिर्माण, सबैका लागि पहुँचयुक्त र सुरक्षित सार्वजनिक स्थल ।
			नविकरणीय उर्जाको प्रवर्धन् , विद्युतको नियमित आपूर्तिको सुनिश्चितता, पटक पटक भैरहने विद्युत कटौतिको अन्त्य र विद्युत चुहावटको अन्त्य ।

४	वातावरणको व्यवस्थापन	१२. दिगो उपभोग र उत्पादन प्रणाली	खाद्यपदार्थको दिगो र प्रभावकारी संरक्षण, अनावश्यक उपभोगलाई निरूत्साहित गर्ने
		१३. जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण १४. जलजन्तुको संरक्षण १५. स्थलीय जीव जन्तुको संरक्षण	नगरक्षेत्रभित्रको वायू प्रदुषण घटाउने, फोहोरमैलाको उचित व्यवस्थापन गर्ने । नगर क्षेत्रमा हरियाली बढाउने । नगरक्षेत्रमा रहेका वनजंगल, वन्यजन्तु, पोखरी, ताल-तलैया, सीमसारको संरक्षण गर्ने
५	संस्थागत विकास, सुशासन	१६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन् गर्ने १७. लक्ष्य हासिलका लागि साझेदारी ।	महिला, बालबालिका, दलित र अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसा न्युनीकरण, सीसीमान्तकृत समुदायको न्यायमा पहुँच, भ्रष्टाचार र घुसखोरीको अन्त्य, निर्णय प्रकृयामा सीसीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता, सूचनामा सबैको पहुँच ।

कीर्तिपुर नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरणको बृहत उद्देश्य

यो योजनाको बृहत उद्देश्य दिगो विकासका लक्ष्यहरूसँग कीर्तिपुर नगरपालिकाको विकासलाई आबद्ध गराइ नगरपालिकाको दिगो, सन्तुलित र समावेशी विकास गर्दै दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन मार्फत समतामूलक समाजको निर्माणमा योगदान गर्नु रहेको छ । यस योजनाका विशिष्ट उद्देश्यहरू देहायबमोजिम छन् ।

विशिष्ट उद्देश्यहरू

१. कीर्तिपुर नगरपालिकाको सामाजिक विकासका विभिन्न पक्षहरू - स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक सुरक्षामा लगानी अभिवृद्धी गर्दै गुणस्तरीय सेवामा सबैको समान पहुँच स्थापित गर्ने र सामाजिक असमानता घटाउने ।

२. कीर्तिपुर नगरबासीमा रहेको आर्थिक असमानता कम गर्ने र विद्यमान सहरी गरिबीलाई न्यूनीकरण गर्ने

३. कीर्तिपुर नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वका स्थान, विशिष्ट प्रकारका संस्कृति, चाडपर्वपर्व र प्रचलनहरूको जगेर्ना, संरक्षण र प्रवर्धन् गर्दै सहरको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व र विशिष्टतालाई विश्वसामु चिनाउने ।

४. कीर्तिपुर नगरपालिकाभित्रका भौतिक विकासका पूर्वाधारहरूमा लगानी गर्दै सबै नगरबासीहरूका लागि आधुनिक, दिगो, उत्थानशील, पहुँचयुक्त र भरपर्दो नगर निर्माण गर्ने ।

५. सीमान्तकृत समुदायलाई बिशेष प्राथमिकता सहित सबै नगरबासीहरूलाई समान आधारमा बिना कुनै भेदभाव सार्वजनिक सेवा, अवसर र मानवअधिकारमा पहुँच सुनिश्चित गर्ने ।

६. न्याय सेवा र निर्णय प्रकृयालाई पारदर्शी, समावेशी, निष्पक्ष बनाई सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्नुका साथै हिंसा र विभिन्न आधारमा गरिने भेदभावलाई न्यूनीकरण गर्ने ।

दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि कीर्तिपुर नगरपालिकाको ५ वर्षिय योजना वि.सं. २०७८-२०८३

आर्थिक विकास

(दिगो विकास लक्ष्य १, २, ८ र १०)

दिगो विकास लक्ष्य १:
सबै ठाउँबाट सबैप्रकारका गरिबीको अन्त्य

लक्ष्य १ अन्तर्गत कीर्तिपुर नगरपालिकाका मुख्य प्राथमिकताहरु
(Key Priorities of Kritipur Municipality Under Goal 1)

- कीर्तिपुर नगरपालिकामा गरिवीको अवस्थामा रहेका नागरिकको पहिचान र अवस्था विश्लेषण
- कीर्तिपुर नगरपालिकामा समाजिक रूपमा सीमान्तकृत अवस्थामा रहेका समूहहरूको पहिचान र अवस्था विश्लेषण
- सीमान्तकृत अवस्थामा रहेका समूहकालागि आर्थिक सशक्तीकरण (रोजगारी तथा स्वरोजगारी)

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य: सन् २०३० सम्ममा जहाँसुकै रहेको भएतापनि सबै जनताको चरम गरिवीको उन्मुलन गर्ने

दिगो विकास लक्ष्य १ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
राष्ट्रिय मापदण्ड अनुसार कीर्तिपुर नगरपालिकामा गरिवीको रेखामुखी रहेका जनसंख्याको अनुपात (उमेर, जात, लिङ्ग, अपाङ्गता, रोजगारीको अवस्था, भौगोलिक स्थिति अनुसार)।	गरिवीको अवस्थामा र आर्थिक रुपले सिमान्तक्रित रहेका नागरिकहरूको तथ्याङ्क संलन गरी पहिचान तथा वर्गीकरण गर्ने।	कीर्तिपुर नगरपालिकामा गरिवीको अवस्थामा रहेका नागरिकहरूको अवस्था पहिचान भई गरिवी निवारण कार्यक्रम निर्माणमा सहज हुनेछ।	• सामाजिक विकास शाखा • योजना तथा प्राविधिक शाखा	• अध्ययन प्रतिवेदन • खण्डिकृत/वर्गीकृत तथ्याङ्क
	गरिवी भित्र पनि सीमान्तकृत, आर्थिक रुपले बिपन्न अवस्थामा रहेका महिला, बालबालिका, दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, मुस्लिम, तेश्रो लिङ्गि लगायतको संख्या र अवस्था विश्लेषण	सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूको अवस्था पहिचान भई समावेशी कार्यक्रम निर्माणमा सहयोग हुनेछ।	• सामाजिक विकास शाखा	• सीमान्तकृत समुदायको अवस्था विश्लेषण गरिएको प्रतिवेदन • सीमान्तकृत समुदायको खण्डिकृत तथ्याङ्क
	अध्ययन मार्फत गरिवी तथा सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूका लागि रोजगारी र आयआर्जनका संभावनाहरूको खोजी गर्ने	सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूको आर्थिक सशक्तीकरणका उपायहरू पहिचान हुनेछन्।	• सामाजिक विकास शाखा	• कीर्तिपुर न.पा.भित्रका रोजगारी र आयआर्जनका संभावनाहरूको विश्लेषण गरिएको प्रतिवेदन
	गरिब तथा सीमान्तकृत समुदाय लक्षित आर्थिक सशक्तीकरण कार्यक्रम संचालन गर्ने - सीप विकास, ऋण सहयोग, बिउ पूँजी, उद्यमशिलता विकास तालिम, रोजगारीमा प्राथमिकता लगायतका कार्यक्रम संचालन गर्ने।	गरिब तथा सीमान्तकृत समुदायका नागरिकहरूले रोजगारी तथा आय आर्जनका अवसरहरू प्राप्त गर्नेछ र आय आर्जनमा संलग्न हुनेछन्।	• सामाजिक विकास शाखा • आर्थिक प्रशासन शाखा	• गरिवी न्यूनीकरण लक्षित कार्यक्रम समावेश भएको बार्षिक नीति तथा कार्यक्रम। • संचालित गरिब तथा सीमान्तकृत लक्षित आर्थिक सशक्तीकरणका कार्यक्रम • आर्थिक रूपमा सशक्तीकरण भएका युवा, गरिव, विपन्न र सीमान्तकृत समुदायका नागरिकहरूको संख्या

दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य, खाद्य सुरक्षा प्राप्त गर्ने र पोषण र दिगो कृषिको प्रवर्धन् गर्ने ।

लक्ष्य २ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू

- गरिवी र भोकमरीको अवस्थामा रहेका नागरिकहरूका लागि स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा
- सडकमा रहनुपर्ने अवस्थाका नागरिक र बालबालिकाको उचित व्यवस्थापन

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य: सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरिब र संकटग्रस्त अवस्थामा रहेका व्यक्तिहरू सहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा बर्षैभरी पहुँच सुनिश्चित गर्ने ।

दिगो विकास लक्ष्य २ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
कीर्तिपुर नगरपालिकाभित्र देखिने कुपोषणको घट्दो दर, खाद्य असुरक्षाको घट्दो दर	नगरक्षेत्र भित्र रहेका बेवारिसे, असहाय र भोकै रहनुपर्ने अवस्थाका नागरिक र सडक बालबालिकाको पहिचान र कारणहरूको अध्ययन ।	बेवारिसे, असहाय, सडक बालबालिकाहरूको अवस्था पहिचान भई कार्यक्रम निर्माणमा सहज हुनेछ ।	• सामाजिक शाखा	• असहाय, वेवारिसे र भोकै रहनुपर्ने अवस्थाका नागरिकको विस्तृत तथ्याङ्क
	भोकै रहनुपर्ने अवस्थामा रहेका नागरिकहरूलाई तत्कालका लागि खाना, आवास तथा पोषणको व्यवस्था गर्ने र आय आर्जनमा सहभागिता गराउने । नागरिकमा रहेको खाद्य असुरक्षा घटाउने कार्यक्रमहरू संचालन गर्ने	नागरिकहरू भोकै रहनुपर्ने अवस्थाबाट मुक्त हुनेछन् ।	• सामाजिक विकास शाखा • स्वास्थ्य शाखा	• संचालित खाना तथा पोषणका कार्यक्रमहरूको संख्या, लाभान्वितहरूको संख्या, संचालित आय आर्जन कार्यक्रम, आय आर्जनबाट लाभान्वित संख्या । • नगरपालिकाले खाद्य सुरक्षाका लागि अपनाएका उपायहरू ।
	असहाय/सडक बालबालिकाहरू र नागरिकका लागि संस्थागत व्यवस्थापन गर्ने ।	नगरक्षेत्रका नागरिकहरू बेवारिसे भएर सडकमा जीवन विताउनुपर्ने वाध्यताबाट मुक्त हुनेछन् ।	• सामाजिक शाखा • सामान्य प्रशासन शाखा	• विभिन्न बाल गृह, ज्येष्ठ नागरिक क्लब, सीप विकास केन्द्रहरू मार्फत उपलब्ध गराइएका सेवा र लाभान्वित संख्या ।

दिगो विकास लक्ष्य ८:
समावेशी र दिगो आर्थिक वृद्धिको प्रवर्धन् र सबैका लागि मर्यादित काम ।

लक्ष्य ८ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरु
(Priorities of Kirtipur Municipality Under Goal 8)

- कीर्तिपुर नगरक्षेत्र भित्र पर्यटन प्रवर्धन्
- पूरातात्विक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका वस्तुहरूको उत्पादन र अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन्
- नगरक्षेत्रमा लामो समयदेखि चलिआएका चाडपर्ववाड, जात्रा, पर्व, मेलाको संरक्षण र सम्बर्धन

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य: उत्पादनशील गतिविधीहरू, मर्यादित रोजगारी सृजना, उद्यमशिलता, सृजनशिलता र नवप्रवर्तन्लाई सहयोग गर्ने प्रकारका विकासमुखी नीतिहरू प्रवर्धन् गर्ने र वित्तीय सेवाहरूमा पहुँच लगायत लघु, साना तथा मझ्यौला उद्योगहरूको स्थापना र वृद्धिलाई प्रोत्साहन गर्ने ।

दिगो विकास लक्ष्य ८ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
कीर्तिपुर नगरपालिका अन्तर्गत गैर कृषिक्षेत्रमा अनौपचारिक रोजगारीको अनुपात (उमेर, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता, जात जाति अनुसार)	नगर क्षेत्र भित्रका पर्यटकीय स्थलहरूको सुधार, जीर्णोद्वार र मर्मत गर्ने, सबैका लागि पहुँचयुक्त बनाउने, देशभरी र विदेशमा नियमित प्रचारप्रसार गर्ने र पर्यटन व्यावसायलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने ।	नगरक्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरू व्यवस्थित, सफा, थप सुन्दर, सबैका लागि पहुँचयुक्त र आकर्षक हुनेछन् । पर्यटकहरूको संख्यामा वृद्धि हुनेछ ।	• सामाजिक विकास शाखा अन्तर्गत संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्धन् उपशाखा ।	• सुधार र जीर्णोद्वार गरिएका पर्यटकीय स्थलहरूको संख्या • सबैका लागि पहुँचयुक्त बनाइएका पर्यटकीय स्थलहरूको संख्या • नगरपालिकाले उत्पादन गरेका प्रचार सामग्री, वेवसाइट र संचालन गरेका प्रचारप्रसार सम्बन्धी कामहरू । • पर्यटन व्यावसायीलाई प्रोत्साहन गर्न संचालित कार्यक्रमहरू र लाभान्वित संख्या
	नगर क्षेत्रमा संचालित हस्तकला, काष्टकला उद्योग र पूरातात्विक तथा सांस्कृतिक महत्वका वस्तुहरूको उत्पादन, प्रयोग र अन्तर्राष्ट्रिय बजारमा यसको विक्रीलाई प्रवर्धन् गर्न प्राविधिक सहयोग, परामर्श र अध्ययनमा सहयोग गर्ने ।	हस्तकला र काष्टकला उद्योग लगायत सांस्कृतिक महत्वका वस्तुहरूको अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण र प्रचारप्रसार बढ्नेछ ।	• सामाजिक विकास शाखा अन्तर्गत संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्धन् उपशाखा ।	• परम्परागत उद्योग संचालनका लागि तालिम तथा अनुदान सहयोग कार्यक्रम • उत्पादित वस्तुहरूको प्रचारप्रसारका लागि गरिएका कृयाकलापहरूको संख्या • प्राविधिक सहयोग र परामर्शका लागि गरिएका कामहरूको संख्या र लाभान्वित संख्या
	नगर भित्रका सांस्कृतिक चाडपर्व, जात्रा, बाजागाजा, मेला, पर्वहरूको अन्तर्राष्ट्रिय र राष्ट्रिय तहमा प्रचार प्रसार गरी आन्तरिक र वाह्य पर्यटकहरूलाई आकर्षण गर्ने ।	कीर्तिपुर नगरपालिकाका चाडपर्व र जात्रा हेर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूको संख्यामा वृद्धि हुनेछ ।		• अन्तर्राष्ट्रय र राष्ट्रिय रूपमा प्रचारप्रसार गर्न संचालित कार्यक्रमहरूको संख्या ।

दिगो विकास लक्ष्य १०:
देश देश विचको र देशभित्रको असमानताको न्यूनीकरण

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य (१०.२): उमेर, लिङ्ग, अपाङ्गता, जातजाति, उद्गम, धर्म वा आर्थिक वा अन्य अवस्था/हैसियत जे भएपनि सबै जनताको सामाजिक, राजनैतिक र आर्थिक समावेशितालाई सशक्त बनाउने र प्रवर्धन् गर्ने ।

लक्ष्य १० अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरु
(Priorities of Kirtipur Municipality Under Goal 8)

- नगरक्षेत्रभित्रका सामाजिक असमानताहरूको न्यूनीकरण
- सीमान्तकृत समुदायको न्यायमा पहुँच बढाउने
- विभेद विरूद्ध सामाजिक जनचेतना अभिवृद्धि

दिगो विकास लक्ष्य १० का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
कीर्तिपुर नगरपालिका भित्र रहेका लिङ्ग, उमेर र अपाङ्गता अनुसार मध्यम आयको ५०% भन्दा मुनि आय हुने जनताको अनुपात ।	नगर क्षेत्रभित्रका जातीय, वर्गीय, लैङ्गिक, अपाङ्गता लगायतका आधारमा विद्यमान विभिन्न सामाजिक असमानताका स्वरूप र त्यसको सामाजिक आर्थिक प्रभावको अध्ययन गर्ने	नगरक्षेत्र भित्र रहेका सामाजिक असमानताका कारणहरू पहिचान भई यसको न्युनिकरण सम्बन्धि कार्यक्रम निर्माणमा सहज हुनेछ ।	• सामाजिक विकास शाखा	• अध्ययन प्रतिवेदन र प्रतिवेदनले दिएका तथ्यहरू
	नगर क्षेत्रभित्र रहेका युवा लगायत संकटको अवस्थामा रहेका र सीमान्तकृत वर्गहरू (जस्तै महिला, अपाङ्गता भएका व्यक्ति, गरिव, विपन्न, दलित, आदिवासी, जनजाति आदिको) आय आर्जनमा वृद्धि गर्न लक्षित कार्यक्रमहरू संचालन गर्ने	आर्थिक उपार्जनका कामहरूमा नगरक्षेत्रमा युवा तथा सीमान्तकृत वर्गका जनताको संलग्तामा वृद्धि हुनेछ ।	• सामाजिक विकास शाखा	• लिङ्ग, वर्ग, उमेर, जात, अपाङ्गता, आर्थिक अवस्थाका आधारमा आय आर्जनमा संलग्नहरूको संख्या ।
	सामाजिक असमानता हटाउन शैक्षिक पाठ्यक्रममा सुधार ल्याउने र सामाजिक समानताको वारेमा नियमित कक्षाहरू संचालन गर्ने ।	सामाजिक समानता कायम गर्न नयाँ पुस्ता क्रमशः जिम्मेवार हुँदै जानेछ ।	• सामाजिक विकास शाखा • शिक्षा शाखा	• सामाजिक समानताका बारेमा विभिन्न विद्यालयमा संचालित कक्षाहरू र लाभान्वित विद्यार्थी र शिक्षकहरूको संख्या

	असमान व्यवहारका विरूद्धमा कानुनी कारवाहीलाई चुस्त बनाउन नगरपालिकामा हाल भईरहेको उजुरी तथा गुनासो दर्ता गर्ने र तत्काल कारवाही गर्ने संयन्त्रलाई लाई सबैको लागि पहुँचयुक्त बनाउन थप कार्य गर्ने	नगरक्षेत्रभित्र नागरिक नागरिक बीच हुने असमान व्यवहार र विभेदहरूमा कमी आउनेछ ।	• सामान्य प्रशासन शाखा	• असमान व्यवहार सम्बन्धी दर्ता भएका गुनासाहरू, गुनासो उपर गरिएका कारवाहीहरू
	सामाजिक असमानता विरूद्ध कार्यक्रमहरू गर्न युवा समूह, सामाजिक संघ संस्था, अनौपचारिक समूहहरू, शैक्षिक संस्थाहरूलाई परिचालन गर्ने र स्थानीय निर्णय प्रकृयाहरूमा सीमान्तकृत वर्गहरूको सहभागिता बढाउने	नगरक्षेत्रभित्र नागरिक नागरिक बीच हुने असमान व्यवहार र विभेदहरूमा कमी आउनेछ ।	• सामाजिक विकास शाखा • सामान्य प्रशासन शाखा	• जातीय, लैङ्गिक, अपाङ्गता तथा अन्य आधारमा हुने असमानताको घट्दो दर • निर्णय प्रकृयामा सीमान्तकृतत वर्गको सहभागिताको अनुपात
	सामाजिक समानता प्रवर्धन् गर्ने कार्यक्रमहरूमा निजी क्षेत्रलाई परिचालन गर्ने र संचार माध्यमबाट प्रसारण गर्ने र यस्ता प्रकारका प्रकाशनहरूलाई प्रवर्धन् गर्ने	सामाजिक असमानता न्युनिकरणमा नगर क्षेत्रका निजी कम्पनी, संस्था र संचारमाध्यमहरू सकृय हुनेछन् ।	• सामाजिक विकास शाखा	• संचार माध्यमबाट प्रसारित कार्यक्रमहरू • सम्बन्धित प्रकाशनहरू

सामाजिक विकास

(दिगो विकास लक्ष्य ३, ४, ५, ६)

दिगो विकास लक्ष्य ३ :
सबै उमेरका मानिसहरूका लागि स्वस्थ जीवन र आरोग्यता

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

लक्ष्य ३.३. सन् २०३० सम्ममा एच.आइ.भी.एडस्, क्षय रोग, औलो ज्वरो, उष्ण प्रदेशीय उपेक्षित रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस पानीजन्य रोगहरू एवम अन्य सरूवा रोगहरू नियन्त्रण गर्ने ।

लक्ष्य ३.४. सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एकतिहाइले कम गर्नुका साथै मानसिक स्वस्थ्य तथ समृद्धि प्रवर्धन् गर्ने ।

लक्ष्य ३.५. लागू पदार्थ तथा मादक पदार्थ प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने ।

लक्ष्य ३.६. सन् २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यू र घाइतेहरूको संख्यालाई आधा घटाउने ।

लक्ष्य ३.७. सन् २०३० सम्ममा यौन तथा प्रजनन् स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने ।

लक्ष्य ३.८. स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हाँसिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरूका साथै सबैका लागि क्षमताअनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधि तथा खोपहरूको उपलब्धता बढाउने ।

लक्ष्य ३ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू
(Priorities of Kirtipur Municipality Under Goal 3)

- **आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धी, स्वास्थ्य सेवाको स्तरोन्नति**
- **जनस्वास्थ्यमा सुधार, सरूवारोगहरूमा नियन्त्रण**
- **विशिष्ट प्रकारका सेवाहरूको उपलब्धतामा वृद्धि, स्वास्थ्य संस्थाको क्षमता विकास**
- **लागु पदार्थ सेवन, प्रयोग तथा विक्री वितरणमा नियन्त्रण**
- **नागरिकको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार**

दिगो विकास लक्ष्य ३ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. कीर्तिपुर नगरपालिकामा एच.आइ.भी., क्षयरोग, मलेरिया, हेपाटाइटिस बी जस्ता सरूवा रोग लाग्नेहरूको दर । २. कीर्तिपुर नगरपालिका क्षेत्रमा मुटु सम्बन्धी रोग, क्यान्सर, मधुमेह, स्वासप्रश्वास सम्बन्धी दीर्घ रोगहरूको कारण हुने मृत्यू दर ३. कीर्तिपुर नगरपालिकामा प्रति १ लाख जनसंख्यामा आत्महत्याको कारण हुने मृत्यू दर ४. कीर्तिपुर नगरपालिकामा लागु पदार्थको प्रयोगबाट हुने हानीहरूको उपचार सेवाको विस्तार ५. कीर्तिपुर नगरपालिकामा सडक दुर्घटनाबाट हुने मृत्यू दर ६. कीर्तिपुर नगरपालिकामा आधुनिक विधि र साधनद्वारा परिवारनियोजन सम्बन्धी आवश्यकताहरू पूरा गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात	नगरक्षेत्रमा रहेका अस्पताल र स्वास्थ्य केन्द्रहरूको अनुगमन गर्ने र अत्यावश्यक स्वास्थ्य सेवाको आपूर्तिको अवस्था र गुणस्तरको अध्ययन गर्ने ।	नगरक्षेत्रको समग्र स्वास्थ्य केन्द्रहरूको सेवा तथा गुणस्तरको अवस्था पहिचान भई सुधारका कार्यक्रमहरू लागु गर्न सहज हुनेछ ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• अनुगमन तथा अध्ययन प्रतिवेदन
	नगरक्षेत्र भित्र उपलब्ध गराइने न्यूनतम आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको गुणस्तर र मापदण्ड निर्धारण गर्ने ।	नगरबासीहरूले नगरपालिका मार्फत पाउने स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि हुनेछ ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• नगरपालिकाले तोकेको न्यूनतम आधारभूत स्वास्थ्य सेवाहरू र निर्धारित विस्तृत मापदण्ड
	सरूवा रोगहरूको बिषयमा जनचेतना अभिवृद्धि गर्ने रोकथामका लागि शुद्द पिउने पानी आपूर्ति लगायत नगर सरसफाइ र फोहोर व्यवस्थापनलाई दिगो बनाउने ।	सरूवा रोगबाट बच्ने उपायको बारेमा जनतामा सूचना प्रवाह हुनेछ, नगरको सरसफाइमा वृद्धि हुनेछ र फोहोर व्यवस्थापन दिगो हुनेछ ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• सचेतना कार्यक्रमहरूको संख्या, लाभान्वित संख्या, नगर सफाइमा सुधार भएको अवस्था

७. कीर्तिपुर नगरपालिकामा रहेका जनताको अत्यावश्यक स्वास्थ्य सेवाहरूमा पहुँच	उच्च रक्तचाप तथा अन्य नसर्ने रोगहरूको रोकथाम सम्बन्धमा जनचेतना कार्यक्रम संचालन गर्ने र यस्ता रोगहरूको उपचारलाई प्रभावकारी बनाउन अस्पतालहरूको क्षमता विकास गर्ने	नसर्ने रोगको दरमा कमी आउनेछ र यस्ता रोगहरूको उपचार प्रभावकारी रूपमा उपलब्ध हुनेछ ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• नसर्ने रोग लाग्ने दर र प्रभावकारी उपचार पाएर निको हुनेहरूको दर
	लागु औषध सेवन जस्ता कार्यको पुर्ण बन्देज गराउन, जथाभावी लागु पदार्थ तथा मादक पदार्थको सेवन र सडक दुर्घटनाहरूलाई कम गराउन प्रहरी सकृयता र कारवाही बढाउने र ट्राफिक नियम र लागु पदार्थ सम्बन्धी नियमित सार्वजनिक सचेतना कार्यक्रम संचालन गर्ने । नगर क्षेत्रका सबै सार्वजनिक सडक र फुटपाथहरूको मर्मत तथा संभार गर्ने ।	लागु पदार्थ सेवन गर्नेहरूको संख्यामा कमी आउनेछ, सवारी दुर्घटनाहरू कम हुनेछन् ।	• सामान्य प्रशासन शाखा • फोहोरमैला तथा बातावरण शाखा	• जथाभावी लागु तथा मादक पदार्थ सेवन गर्नेहरूको दर • सवारी दुर्घटनाको दर
	नगरपालिकाको क्षेत्राधिकारमा पर्ने सबै अस्पताल र स्वास्थ्य केन्द्रहरूमा नियमित न्यूनतम आधारभूत र अत्याश्यक स्वास्थ्य सेवा सुनिश्चित गर्ने र यस्ता सेवाहरू नगरपालिका भित्र रहने स्थानई बासिन्दाहरूका लागि निःशुल्क उपलब्ध गराउने ।	नगर पालिका भित्र स्थाई बसोवास गर्ने नागरिकहरूले न्यूनतम गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्नेछन् ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• स्वास्थ्य केन्द्रहरूले उपलब्ध गराउने सेवाको प्रकार र संख्या • निःशुल्क स्वास्थ्य सेवा लिने लाभान्वितहरूको संख्या

	ज्येष्ठ नागरिक, गर्भवति महिला, महिलाहरूको प्रजनन् स्वास्थ्य र पाठेघरको क्यान्सर, अपाङ्गता भएका व्यक्तिलाई दिइने सेवाहरू नगरपालिकाले माप दण्ड बनाइ नगरपालिका भित्र स्थानई बसोवास गर्ने नागरिकलाई मात्रै तोकिए बमोजिम निःशुल्क उपलब्ध गराउने ।	विशिष्ट प्रकृतिको स्वास्थ्य सेवा पाउनुपर्ने नागरिकहरूले निःशुल्क रूपमा यस्ता सेवाहरू पाउनेछन् ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• सनिःशुल्क विशिष्टिकृत सेवा लिने नागरिकहरूको संख्या (लिङ्ग, उमेर, अपाङ्गताको आधारमा)
	प्रजनन् तथा यौन स्वास्थ्य सम्बन्धी परामर्श, मनोपरामर्श जस्ता सेवाहरू प्रत्येक स्वास्थ्य केन्द्रहरूमा नगरपालिकाबाट तोकीए बमोजिम निःशुल्क उपलब्ध गराउने ।	नगरपालिकाबाट तोकीएका महिला तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरूले प्रजनन् स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा निःशुल्क रूपमा पाउनेछन् ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• निःशुल्क परामर्श सेवा लिनेहरूको संख्या
	नगर स्तरीय स्वास्थ्य सेवा अनुगमन तथा सुझाव समिति गठन गरी नियमित परिचालन गर्ने ।	नगरस्तरीय स्वास्थ्य सेवाको प्रभावकारितामा वृद्धि हुनेछ ।	• स्वास्थ्य शाखा • फोहोरमैला तथा बातावरण शाखा	• अनुगमन समितिले गरेका अनुगमनहरूको संख्या, प्रतिवेदनहरू, दिएका सुझावहरू र सुझाव कार्यान्वयनको प्रतिवेदन

दिगो विकास लक्ष्य ४: सबैका लागि समान र गुणस्तरीय शिक्षा । सबैका लागि जीवनपर्यन्त सिकाइका लागि अवसर सृजना गर्ने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

४.१. सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।

४.४. सन् २०३० सम्ममा रोजगारी, मर्यादित जागिर र उद्यमशिलताको निम्ति प्राविधिक एवम् व्यावसायीक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरू (ब्मगतिक) को सङ्ख्या वृद्धि गर्ने ।

४.५. सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र सबै तहका शिक्षा र व्यावसायीक तालिममा संकटमा रहेका समूह, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, संकटको अवस्थामा रहेका बालबालिकाको समान पहुँचको सुनिश्चित गर्ने ।

४.६. सन् २०३० सम्ममा सबै युवा र कम्तीमा ९५ प्रतिशत वयस्कहरू (दुवै पुरुषहरू र महिलाहरू) लाई साक्षरता र साङ्ख्यिक (सामान्य गणित) ज्ञान हांसिल गर्न सक्षम तुल्याउने ।

लक्ष्य ४ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipality Under Goal 3)

- **सामुदायिक विद्यालयको अवस्था र गुणस्तरमा सुधार**
- **विद्यालयले दिने शैक्षिक सेवाको गुणस्तरमा सुधार**
- **विद्यार्थीको विस्तृत तथ्याङ्क र प्रविधि उन्मुख शिक्षा**
- **शिक्षकहरूको क्षमता विकास, पहुँचयुक्त भौतिक संरचना, पहुँचयुक्त शिक्षण सिकाइ विधि, परीक्षा प्रणाली**

दिगो विकास लक्ष्य ४ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. बालबालिका तथा युवाहरूको विद्यालय भर्ना अनुपात २. प्राथमिक देखि माध्यमिक तह सम्ममा पढाइ र गणित विषयमा न्यूनतम पनि प्रविणता तहको सिकाइ उपलब्धि	नगरक्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरूमा उपलब्ध सेवा, मानव स्रोत, सुविधा, पूर्वाधार, शैक्षिक गुणस्तर र पर्याप्तताको अध्यनन तथा लेखाजोखा गर्ने ।	नगरक्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको विस्तृत अवस्था पहिचान भई सुधार र विकासका लागि योजना बनाउन सहज हुनेछ ।	• शिक्षा शाखा	• लेखाजोखा/अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका तथ्यहरू
३. माध्यमिक तहको अन्त्य सम्ममा सीप वा दक्षताका प्रकार अनुसार सूचना प्रविधि सम्बन्धी सीप/दक्षता भएका युवा र वयस्कहरूको अनुपात	निःशुल्क शिक्षा उपलब्ध हुँदा पनि सामुदायिक विद्यालयमा विद्यार्थी पढ्न नआउने कारणको खोजी तथा अध्ययन	शिक्षाको गुणस्तर कम हुने कारणहरू पहिचान भई योजना निर्माणमा सहज हुनेछ ।	• शिक्षा शाखा	• अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका कारण र समस्याहरू
४. यो सूचीमा रहेका खण्डिकरण गर्न सकिने सबैको शिक्षा सम्बन्धी तथ्याङ्कहरू जस्तै महिला, पुरूष, अपाङ्गता, ग्रामीण तथा सहरी क्षेत्र, आदिवासी जनजाति, द्वन्द्व पीडित आदि ।	लेखाजोखा र अध्ययनले दिएको तथ्यको आधारमा सामुदायिक विद्यालयको पूर्वाधार तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम लागू गर्ने । विद्यालयमा विश्व नागरिकता, दिगो विकास र मानवअधिकार सम्बन्धी शिक्षालाई अनिवार्य गर्ने ।	विद्यालयले दिने सेवा र शिक्षाको गुणस्तरमा वृद्धि हुनेछ र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्या बढ्नेछ ।	• शिक्षा शाखा	• सामुदायिक विद्यालयको गुणस्तर र अवस्था सुधारका लागि नगरपालिकाले घोषणा गरेका कार्यक्रमहरू र कार्यान्वयन प्रतिवेदन

५. कीर्तिपुर नगरपालिकामा साक्षर र निश्चित तहको गणितको ज्ञान भएका निश्चित उमेर समूहका जनताहरू । ६. कीर्तिपुर नगरपालिकाको सार्वजनिक विद्यालयमा विश्व नागरिकता, दिगो विकास र मानवअधिकार सम्बन्धी शिक्षाको मुल प्रवाहीकरणको स्तर	शैक्षिक मानव स्रोत (शिक्षक) र विद्यार्थी दुवैलाई आधुनिक सूचना प्रविधि र शिक्षण विधि सँग जोड्ने र कम्प्युटर र इन्टरनेटमा आधारित सिकाइ विधिलाई हरेक सामुदायिक विद्यालयमा सुनिश्चित गर्ने । विद्यालयमा अध्ययनरत विद्यार्थीको लिङ्ग, अपाङ्गता, जनजाति आदिवासी, आर्थिक अवस्था, अन्य खण्डिकरण गर्न सकिने विभिन्न आधारमा तथ्याङ्क राख्ने ।	सामुदायिक विद्यालयमा विद्यार्थीहरूका लागि सिकाई विधि र प्रकृया सहज र प्रविधियुक्त हुनेछ, विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुनेछ । सबै विद्यार्थीको खण्डिकृत तथ्याङ्क उपलब्ध हुनेछ ।	• शिक्षा शाखा	• सबै सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षाका लागि सिक्न र सिकाउन चाहिने पर्याप्त कम्प्युटर, इन्टरनेट लगायत सामग्री तथा सेवा सुविधा उपलब्ध भएको र त्यसको उपयोग भएको अवस्था • अध्यनरत विद्यार्थीको खण्डिकृत तथ्याङ्क
	प्रविधिमा राम्रो पहुँच भएका र विषयवस्तुमा पर्याप्त ज्ञान भएका नयाँ युवा शक्तिलाई शिक्षण पेशामा अभिप्रेरित गर्ने शिक्षण सीपको पर्याप्त तालिम उपलब्ध गराउने ।	आधुनिक र समयसापेक्ष आवश्यकता अनुसारको सीप भएका गुणस्तरीय शिक्षकहरू विद्यालयले पाउनेछन् ।	• शिक्षा शाखा	• सबै सामुदायिक विद्यालयमा प्रविधिमा पर्याप्त जानकार र पहुँच भएका, तालिम प्राप्त र विषयवस्तुमा पर्याप्त ज्ञान भएका र शिक्षण विधिमा जानकार शिक्षकहरू उपलब्ध भएको अवस्था ।

	समावेशी शिक्षालाई सुनिश्चित गर्न विद्यालयका शिक्षण सिकाइ विधि, मुल्याङ्कन प्रणाली, सहभागिता, सामाजिक गतिविधि, खेल तथा मनोरन्जन, समूह कार्य लगायत विद्यालयको भौतिक संरचना, विभिन्न सेवा र सुविधामा सबै विद्यार्थीको समान पहुँच स्थापित गर्न उल्लेखित सबैलाई अपाङ्गता भएका बालबालिका लगायत सबैका लागि पहुँचयुक्त र मैत्रीपूर्ण बनाउने ।	विद्यालयको भौतिक संरचना, सिकाइ विधि, मुल्याङ्कन विधि र परीक्षा प्रणाली सबै प्रकारका विद्यार्थीको लागि पहुँचयुक्त, लचिलो र सहज हुनेछ ।	• शिक्षा शाखा	• अपाङ्गता मैत्री तथा बाल मैत्री सेवा सुविधा, भौतिक संरचना, शिक्षण सिकाइ विधि, मुल्याङ्कन विधि र सामाजिक सहभागिताको अभ्यास । • समावेशी वातावरणमा विद्यालयमा अध्ययन गरिरहेका अपाङ्गता भएका बालबालिका लगायत अन्य सीमान्तकृत समुदायका बालबालिकाको संख्या

दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने सबै महिला र किशोरीहरूको सशक्तीकरण ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

५.१. सबै महिला, किशोरी तथा बालिकाहरूविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने ।

५.२. सार्वजनिक तथा निजी क्षेत्रहरू (Spheres) मा सबै महिला, किशोरी तथा बालिकाहरू विरुद्ध हुने सबै प्रकारका हिंसा मानव बेचबिखन, यौन तथा अन्य प्रकारको शोषण अन्त्य गर्ने।

५.३. सबै प्रकारका हानिकारक प्रचलनहरू जस्तै बालविवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने कार्यको अन्त्य गर्ने ।

५.४. सार्वजनिक सेवाहरूको प्रावधान, पूर्वाधार र सामाजिक सुरक्षा नीतिहरूको प्रवधन गर्ने, पारिश्रमिक विना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा घरेलु एवं पारिवारिक कामको राष्ट्रिय प्रावधानअनुसार बाँडफाँड गर्ने ।

५.५. राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको सबै निर्णय तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने ।

५.६. जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रोग्राम अफ एक्सन र बेइजिङ प्लेटफर्म फर एक्सन तथा तिनीहरूको समीक्षासम्बन्धी सम्मेलनहरूको दस्ताबेजहरूमा सम्झौता भएअनुसार महिलाहरूको यौन, प्रजनन् स्वास्थ्य र प्रजनन् अधिकारहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

लक्ष्य ५ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipalities under Goal 5)

- **नगरक्षेत्रभित्र हुने लैङ्गिक हिंसा र विभेदका घटनाहरूमा न्युनिकरण**
- **लैङ्गिक हिंसा र विभेद विरूद्ध नागरिक सचेतना**

दिगो विकास लक्ष्य ५ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. लैङ्गिक समानता र विभेदरहित व्यवस्थाहरूको प्रवर्धन्, तिनिहरूको कार्यान्वयनका साथै अनुगमन गर्नका लागि स्थानीय तहमा कानुनी संरचना वा खाकाहरूको उचित व्यवस्था भएको/नभएको अवस्था २. जीवनभरमा १५ वर्ष वा सोभन्दा माथिका उमेरका महिलाहरूमध्ये अघिल्लो १२ महिनामा शारीरिक, यौन वा मनोवैज्ञानिक हिंसामा परेका महिलाहरूको अनुपात ३. १५ वर्ष वा १८ बर्ष उमेरभन्दा पहिला विवाह भएका वा वैवाहिक मिलनमा रहेका २० देखि २४ वर्ष उमेर समूहका महिलाहरूको अनुपात ४. लिङ्ग, उमेर र ठाउँअनुसार विनापारिश्रमिक गराइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा खर्च गरिएको समयको अनुपात	नगरक्षेत्रभित्र हुने लैङ्गिक विभेद र हिंसाका स्वरूपहरूको बारेमा अध्ययन गर्ने ।	लैङ्गिक विभेद र हिंसाका स्वरूपहरूको पहिचान भई यस विरूद्ध कार्यक्रमहरू निर्माणमा सहजता हुनेछ ।	• सामाजिक विकास शाखा • कानून शाखा • न्यायिक समिति • महिला बालबालिका शाखा	• अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका समस्या, सवाल र कारणहरू
	लैङ्गिक विभेद र हिंसा विरूद्धमा तालिम, बहस र अभिमुखीकरणलाई व्यापक बनाउने र यस्ता कार्यक्रममा महिला, पुरूष तथा तेस्रो लिङ्गी सबैको समान सहभागिता सुनिश्चित गर्ने ।	लैङ्गिक विभेद र हिंसा हुन नदिन र हिंसाको प्रतिवाद गर्न समुदायको क्षमतामा वृद्धि हुनेछ ।	• कानून शाखा • न्यायिक समिति • सामाजिक विकास शाखा • महिला बालबालिका शाखा	• नगरपालिका क्षेत्रमा संचालित तालिम, अभिमुखीकरण, बहस र गोष्ठीहरूको संख्या र लाभान्वित समूहका संख्या
	महिला हिंसा, बालबिवाह वा लैङ्गिक हिंसा विरूद्धका कानुनी कारवाहीहरूलाई व्यापक बनाउन नगर प्रहरीलाई सकृय गराउने आवश्यक तालिम उपलब्ध गराउने ।	महिला हिंसा वा लैङ्गिक हिंसा विरूद्धको प्रहरी कारवाही प्रभावकारी हुनेछ ।	• कानून शाखा • न्यायिक समिति • सामाजिक विकास शाखा • महिला बालबालिका शाखा	• लैङ्गिक हिंसा विरूद्ध प्रहरीले नगरपालिका क्षेत्रभित्र गरेका कानुनी कारवाहीहरूको संख्या • लैङ्गिक हिंसामा आएको कमीको दर/अनुपात

५. महिलाहरूले स्थानीय सरकारहरूमा ओगटेको पदहरू ६. व्यवस्थापकीय पदहरूमा महिलाहरूको अनुपात	लैङ्गिक हिंसा विरूद्धमा नगरपालिका र प्रहरीमा गुनासो दर्ता गर्ने प्रणालीलाई चुस्त, नियमित र सबैका लागि पहुँचयुक्त बनाउने ।	लैङ्गिक हिंसा विरूद्ध सबै प्रकारका नागरिकहरूले सहजै गुनासो र उजुरीहरू गर्न सक्नेछन् ।	• कानून शाखा • न्यायिक समिति • सामाजिक विकास शाखा • महिला बालबालिका शाखा	• गुनासो दर्ता प्रणालीको पहुँचयुक्तताको अवस्था (अपाङ्गता, उमेर समूह, विभिन्न भाषाभाषी, समुदाय, शैक्षिक तथा आर्थिक अवस्था लगायत विभिन्न दृष्टिकोणबाट) • नगरपालिका वा प्रहरीमा दर्ता भएका गुनासाहरूको प्रकृति र संख्या ।
	महिला तथा तेस्रो लिङ्गीको अधिकार शिक्षा र लैङ्गिक समानतालाई विद्यालयका पाठ्याक्रमहरूमा समावेश गर्ने समय समयमा विद्यालयमा यस्ता विषयमा कक्षागत छलफल, गोष्ठी, वादविवाद, वक्तृत्वकला, निवन्ध प्रतियोगिता गराउने ।	महिला तथा तेस्रो लिङ्गीका अधिकारका विषयमा नयाँ पुस्ता सचेत र जिम्मेवार हुनेछन् ।	• कानून शाखा • न्यायिक समिति • सामाजिक विकास शाखा • महिला बालबालिका शाखा	• पाठ्याक्रममा समावेश गरिएका विषयहरू । (प्रकार र संख्या) • लैङ्गिक समानताको विषयमा विद्यार्थी र शिक्षकका लागि आयोजित विभिन्न कार्यक्रमहरूको नियमितताको अवस्था, संख्या र लाभान्वितको संख्या ।
	महिला, त्यसमा पनि अपाङ्गता भएका, दलित, आदिवासी जनजाती, मधेशी महिला र तेस्रो लिङ्गीलाई शिक्षाको अधिकारमा पहुँच बढाउन अपाङ्गता भएका बालिका तथा तेस्रो लिङ्गी बालबालिकाको विद्यालय भर्नालाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने ।	सीमान्तकृत महिला तथा तेस्रो लिङ्गीको शिक्षामा पहुँच वृद्धि हुनेछ ।	• कानून शाखा • न्यायिक समिति • सामाजिक विकास शाखा • महिला बालबालिका शाखा	• बालिका वा तेस्रो लिङ्गीको विद्यालय भर्नामा भएको वृद्धि दर

	सीप विकास तालिम, राजनैतिक दलहरू, स्थानीय तहका विभिन्न पदहरूमा र स्वरोजगार र रोजगारीका क्षेत्रमा महिला (खास गरेर अपाङ्गता भएका, दलित, मुस्लिम, आदिवासी जनजाति, मधेशी महिला) र तेस्रो लिङ्गीको सहभागितामा अभिवृद्धि गर्न आर्थिक सहयोग, सकारात्मक विभेद, आरक्षण र प्रोत्साहन गर्ने कृयाकलाप संचालन गर्ने ।	सीमान्तकृत महिला र तेस्रो लिङ्गीहरूको सार्वजनिक सहभागितामा वृद्धि हुनेछ ।	• कानून शाखा • न्यायिक समिति • सामाजिक विकास शाखा • महिला बालबालिका शाखा	• महिला तथा तेस्रो लिङ्गीको सीप विकास तालिम, रोजगारी, स्वरोजगारीमा भएको वृद्धिको दर ।
	सार्वजनिक निर्णय प्रकृया, योजना निर्माण, अनुगमन जस्ता कामहरूमा महिला सहभागित र सीमान्तकृत समुदायका महिला र तेस्रो लिङ्गीहरूको समेत सहभागिता गराउने ।	योजना निर्माण र अनुगमन प्रकृया समावेशी र पारदर्शी हुनेछ ।	• कानून शाखा • न्यायिक समिति • योजना तथा प्राविधिक शाखा • महिला बालबालिका शाखा	• नगरपालिका र वडाका विभिन्न निर्णय प्रकृयाहरूमा महिला, सीमान्तकृत समुदाय र तेस्रो लिङ्गीको सहभागिताको संख्या ।

दिगो विकास लक्ष्य ६: सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरु

६.१. २०३० सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा धान्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच हाँसिल गर्ने।

६.२. सन् २०३० सम्ममा सरसफाइ र स्वस्थ/आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

६.३. सन् २०३० सम्ममा प्रदूषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोर तथा रसायनहरू र वस्तुहरूको विसर्जन कार्यलाई न्यूनीकरण गरेर, प्रशोधन नगरिएका फोहोर पानीको हिस्सा आधा घटाएर र खेर गएका वस्तुहरूको पुनः प्रयोगको लागि प्रशोधन गरी सुरक्षित प्रयोग बढाएर खानेपानीको गुणस्तरमा सुधार गर्ने ।

६.४. सन् २०३० सम्ममा पानी-प्रयोगको दक्षता/प्रभावकारितालाई सबै क्षेत्रहरूमा उल्लेख्य रूपमा सुधार गर्ने, खानेपानीको अभावलाई सम्बोधन गर्नको लागि ताजा/स्वच्छ पानीको दिगो आपूर्ति गर्ने कार्यको सुनिश्चितता गर्ने र पानीको अभावबाट पीडितहरूको सङ्ख्या उल्लेख्य रूपमा घटाउने ।

६.५. सन् २०३० सम्ममा उपयुक्तताअनुसार सीमापार सहयोग लगायत सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

६.६. सन् २०२० सम्ममा पर्वतीय क्षेत्र, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्स्थापन गर्ने ।

लक्ष्य ६ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरु (Priorities of Kirtipur Municipalities under Goal 6)

- **नगरक्षेत्रमा शुद्ध खानेपानीको उपलब्धता र स्वच्छता सम्बन्धी संरचनाहरूमा सुधार**
- **सबै नागरिकको शुद्ध पिउने पानीमा पहुँच अभिवृद्धि**
- **नगर सफाइ, फोहोर व्यवस्थापन र स्वच्छता**

दिगो विकास लक्ष्य ६ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. सुरक्षित रूपमा व्यवस्था गरिएको खानेपानी सेवाहरू प्रयोग गर्ने जनसङ्ख्याको अनुपात २. साबुन पानीसहितको हात धुने सुविधा लगायतका सुरक्षित तरिकाले व्यवस्थित गरिएका सरसफाइ सेवाहरू प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) ३. खेरगैरहेको फोहोर पानीलाई सुरक्षित रूपमा प्रशोधन गरिएको अनुपात ४. राम्रो गुणस्तरीय पानी भएका तालतलैया, सीमसार आदिको अनुपात । ५. समयसँगै खानेपानी प्रयोगको दक्षतामा भएको परिवर्तन ६. एकीकृत जलस्रोत व्यवस्थापनमा स्थानीय सरकारले निर्माण गरेको योजना र कार्यान्वयनको अवस्था ७. समयसँगै खानेपानीसँग सम्बन्धित पारिस्थिति अनुसारका प्रणालीहरूमा भएको परिवर्तन	सबै नगरबासीहरूलाई नियमित र शुद्ध पानी आपूर्ति गर्ने सबै पूर्वाधार निर्माण गरी पानी आपूर्ति गर्ने ।	नगरबासीहरूको शुद्ध पिउने पानी र स्वच्छतामा पहुँच वृद्धि हुनेछ ।	• योजना तथा प्राविधिक शाखा • काठमाण्डौ खानेपानी लिमिटेड	• शत प्रतिशत नगरबासीलाई शुद्ध पानी नियमित रूपमा आपूर्ति भएको व्यवस्था ।
	पानी आपूर्ति प्रणालीमा भएको खराबी पहिचान गरी आवश्यक मर्मत गर्ने र खेर गैरहेको पानीलाई प्रशोधन गरी प्रयोगमा ल्याउने प्रणाली स्थापना गर्ने । पानीका स्रोतहरू पहिचान गरी तिनको संरक्षण गर्ने कार्यक्रम ल्याउने ।	नगरक्षेत्रमा पानीको आपूर्ति नियमित र दिगो हुनेछ ।	• योजना तथा प्राविधिध शाखा • काठमाण्डौ खानेपानी लिमिटेड	• चुस्त दुरूस्तरूपमा संचालित आपूर्ति प्रणाली
	नगर सफाइका लागि सार्वजनिक चेतना बढाउने कार्यक्रम गर्ने र समुदाय र टोल सुधार समितिलाई सरसफाइ र फोहोर व्यवस्थापनमा परिचालन गर्ने । फोहोर संकलन केन्द्रहरूलाई व्यवस्थित र सुरक्षित बनाउने ।	नगरक्षेत्रको सार्वजनिक स्वास्थ्यमा सुधार हुनेछ र सार्वजनिक स्वच्छतामा सुधार हुनेछ ।	• फोहोरमैला व्यवस्थापन तथा बातावरण शाखा	• सचेतना कार्यक्रमहरूको संख्या र लाभान्वितहरूको संख्या • नगर सफाइमा परिचालित समूह, समुदाय, संस्थाहरूको संख्या, जतासुकै फोहोर फाल्ने प्रवृत्तिमा न्यूनीकरण भएको • व्यवस्थित र सुरक्षित फोहोर संकलन केन्द्रहरूको संख्या र पूर्ण उपयोग भएको अवस्था ।
	फोहोर प्रशोधनका कामलाई प्रभावकारी बनाउने र फोहोर व्यवस्थापनलाई आय आर्जनको माध्यम बनाउने कार्यक्रम ल्याउने ।	नगरक्षेत्रभित्रको फोहोर व्यवस्थापन दिगो हुनेछ ।	• फोहोरमैला व्यवस्थापन तथा बातावरण शाखा	• फोहोर प्रशोधनका लागि संचालित कामहरूको संख्या ।

	सरसफाइ कर्मचारीको तलब वृद्धि, सुरक्षा, प्रोत्साहनका लागि कार्यक्रम ल्याउने र डम्पिङ साइटहरूलाई व्यवस्थित गर्ने ।	नगरक्षेत्रभित्रको फोहोर व्यवस्थापन दिगो हुनेछ ।	• फोहोरमैला व्यवस्थापन तथा बातावरण शाखा	• व्यवस्थित र सुरक्षित डम्पिङ साइट • सरसफाइ कर्मचारीको लागि लागु प्रोत्साहन प्याकेज ।
	स्वच्छ र सफा वडाहरू, नगर सफाइमा सहयोग पुर्याउने व्यक्ति, समुदाय र संस्थालाई पुरस्कृत र सहयोग गर्ने ।	नगरको सरसफाइ र स्वच्छतामा बडा कार्यालय र बडाबासीहरूको संलग्नता र सकृयातामा वृद्धि हुनेछ ।	• फोहोरमैला व्यवस्थापन तथा बातावरण शाखा	• सरसफाइका लागि निर्धारित मापदण्डहरू • मापदण्ड पूरा गर्ने वडाहरूको संख्या • पुरस्कृत वडा, संस्था, व्यक्ति वा समूहका संख्या ।
	फोहोर प्रशोधन गर्ने काम र प्रशोधनबाट उत्पादित विभिन्न वस्तुहरूको उपयोग, बजारीकरणका लागि निजी क्षेत्र वा गैर सरकारी संस्थालाई सहयोग गर्ने ।	नगरक्षेत्रभित्रको फोहोर व्यवस्थापन दिगो हुनेछ ।	• फोहोरमैला व्यवस्थापन तथा बातावरण शाखा	• संचालित वा सहयोग गरिएका प्रशोधन केन्द्रहरूको संख्या र चालु रहेको अवस्था । • उत्पादित वस्तुहरूको बिक्री वितरण र यसबाट भएको आर्थिक लाभको विवरण ।
	नगरको सबै स्थानमा ढलको उचित व्यवस्था गर्ने र विद्यमान ढल निकासमा भएको खराबी पहिचान गरी मर्मत र सुधार गर्ने ।	नगर क्षेत्रभित्र भएको अव्यवस्थित ढलको कारणले उत्पन्न समस्या र चुनौतीहरूमा कमी आउनेछ ।	• योजना तथा प्राविधिक शाखा	• अव्यवस्थित ढलजन्य समस्याहरूको पहिचान र न्युनिकरण भएको अवस्था । • नगरक्षेत्रका सबै स्थानमा ढलको व्यवस्था भएको अवस्था
	खुला दिसामुक्त नगरपालिकामा फोहर हुन नदिन साबुनपानीले हात धुने बानीको विकास गराउन जनचेतना जगाउने र विद्यालयमा शिक्षा दिने व्यवस्था गर्ने । सार्वजनिक शौचालयहरूको मर्मत तथा सुधार गर्ने, नियमित संचालनको व्यवस्था गर्ने, खुला दिशा गर्ने कार्य भए नभएको अनुगमन गर्ने र जनसंख्याको आधारमा सार्वजनिक शौचालयहरू थप गर्ने, ।	सार्वजनिक शौचालयको अभावको कारणले नागरिकले भोग्नुपर्ने समस्यामा कमी आउनेछ र नगरको सरसफाइमा समेत योगदान पुग्नेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• व्यवस्थित रूपमा संचालनमा रहेका सार्वजनिक शौचालयको संख्या । • थप गरिएका सार्वजिक शौचालयको संख्या

पूर्वाधार विकास

(दिगो विकास लक्ष्य ७, ९, ११)

दिगो विकास लक्ष्य ७:
दिगो, किफायति र विश्वसनीय उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरु

७.१. सन् २०३० सम्ममा धान्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सुविधाहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

७.२. सन् २०३० सम्ममा विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतहरूको समिश्रण (Energy mix) मा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य रूपमा बढाउने ।

७.३. ऊर्जा दक्षता/प्रभावकारितामा गरिने सुधारको दरलाई सन् २०३० सम्ममा दोब्बर पार्ने ।

लक्ष्य ७ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरु
(Priorities of Kirtipur Municipalities under Goal 7)

- **वैकल्पिक उर्जाको प्रवर्धन् विकास र प्रसार**
- **विद्युत आपूर्तिमा नियमितता र संरचनाहरूमा सुधार**
- **विद्युत चुहावटमा नियन्त्रण**

दिगो विकास लक्ष्य ७ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. विद्युतमा पहुँच भएका जनताको अनुपात २. कुल अन्तिम उर्जा खपतमा नवीकरणीय उर्जाको हिस्सा ३. प्राथमिक ऊर्जा र कुल गार्हस्थ्य उत्पादनको रूपमा मापन गरिएको ऊर्जाको सघनता (intensity)	सौर्य उर्जाको प्रयोगको लागि समुदायलाई प्रोत्साहन गर्ने गरी अनुदान दिने ।	वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि हुनेछ ।	• योजना तथा प्राविधिक शाखा	• नगर स्तरीय सौर्य उर्जा अनुदान कार्यक्रम र लाभान्वित संख्या
	विद्युतको आपूर्तिलाई नियमित र सहज बनाउने ।	अनियमित विद्युत आपूर्तिको कारण आम नागरिकको दैनिक जीवनमा पर्न जाने नकारात्मक प्रभाव र नोक्सानीमा कमी आउनेछ ।	• योजना तथा प्राविधिक शाखा	• विद्युत आपूर्ति नियमित भएको अवस्था
	विद्युत आपूर्ति प्रणालीमा भएको समस्या र खराबी पहिचान गरी मर्मत तथा सुधार गर्ने ।	विद्युत आपूर्ति दिगो, नियमित र गुणस्तरीय हुनेछ ।	• योजना तथा प्राविधिक शाखा	• पहिचान भएका विद्युत आपूर्ति प्रणालीका समस्या र चुनौतीहरू • समाधान भएका समस्याहरू
	विद्युत चुहावट र पटक पटक हुने कटौतिलाई अन्त्य गर्ने ।	विद्युत चुहावटबाट हुने आर्थिक नोक्सानीबाट नगरपालिका मुक्त हुनेछ ।	• योजना तथा प्राविधिक शाखा	• पहिचान भएका विद्युत चुहावटका कारण र समस्याहरू • निराकरण भएका कारण र समस्याहरू
	नगरभित्र चल्ने सवारी साधनहरूमा विद्युतीय सवारीसाधनहरूलाई प्रवर्धन् गर्ने ।	कार्यक्रम लागू गर्ने सवारी साधनको इन्धनमा विदेशिने रकममा कमी आउनेछ ।	• योजना तथा प्राविधिक शाखा	• विद्युतीय सवारी साधनहरूको वृद्धिको दर

दिगो विकास लक्ष्य ९:
उत्थानशील संरचना, समावेशी औद्योगिकीकरण, नवीन खोजको प्रवर्धन् ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरु

९.१. धान्न सकिने र सबैका लागि न्यायोचित पहुँच हुन सकोस् भन्ने कुरामा केन्द्रित रहेर आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचनाहरू लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील (Resilient) पूर्वाधारहरूको विकास गर्ने ।

९.२. समावेशी र दिगो रूपको औद्योगिक प्रवर्धन् गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थितिअनुकुल रोजगारी र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रूपमा बढाउने साथै अति कम विकसित मुलुकहरूमा यसको हिस्सा दोब्बर पार्ने ।

९.३. आफ्नो क्षमताअनुसार लिन /बेहोर्न सकिने ऋण र मूल्य-शृङ्खला एवम् बजारमा तिनीहरूको एकीकरण लगायत वित्तीय सेवाहरूमा विशेष गरेर विकासशील देशहरूका सानास्तरका उद्यमहरू र अन्य उद्यमहरूमा पहुँच बढाउने ।

९.५. सबै देशहरूसँग भएको क्षमताअनुसार सन् २०३० सम्ममा पूर्वाधारको स्तरोन्नति गर्ने र साधनहरूको प्रयोगमा बढेको दक्षता र स्वच्छ तथा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिहरू र औद्योगिक प्रक्रियाहरूको अवलम्बन गर्दै उद्योगहरूलाई दिगो बनाउन प्रवलीकरण गर्ने ।

९.६. सन् २०३० सम्ममा नव प्रवर्तनलाई प्रोत्साहन गर्ने, प्रति १० लाख जनसङ्ख्यामा अनुसन्धान र विकास कामदारहरूको सङ्ख्या ७५ प्रतिशत वृद्धि गर्ने र सार्वजनिक-निजी अनुसन्धान र विकास खर्च बढाउने लगायतका वैज्ञानिक अनुसन्धानलाई बढवा दिने, सबै देशहरू खासगरी विकासशील देशहरूको औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने ।

लक्ष्य ९ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरु
(Priorities of Kirtipur Municipalities under Goal 9)

- **दिगो, विपद् प्रतिरोधी र सुरक्षित संरचनाहरूको निर्माण**
- **पहुँचयुक्त सार्वजनिक संरचनाको निर्माण**
- **समावेशी विपद् जोखिम न्युनिकरण**
- **उद्यमशिलता विकास तथा रोजगारी प्रवर्धन्**

दिगो विकास लक्ष्य ९ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. बाह्रै महिना सञ्चालन योग्य सडकको २ किलोमिटर दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्याको अनुपात २. यातायातका प्रकार अनुसार यात्रुहरू र ओसारपसार भएका मालसामानको आयतन/मात्रा ३. कुल रोजगारीमा औद्योगिक क्षेत्रले प्रदान गरेको रोजगारीको अनुपात । ४. कुल औद्योगिक मूल्य अभिवृद्धिमा सानास्तरका उद्योगहरूको हिस्सा/अनुपात ५. मूल्य अभिवृद्धिको प्रतिएकाइ कार्बनडाइअक्साइड उत्सर्जन	सार्वजनिक स्थल, संरचना र अन्य भौतिक संरचना निर्माणका लागि मापदण्ड निर्धारण गर्ने, लागु गर्ने रअनुगमनलाई प्रभावकारी बनाउने ।	सार्वजनिक संरचनाहरू दिगो, पहुँचयुक्त, बलिया, सुरक्षित र विपद् प्रतिरोधी हुनेछन् ।	• योजना तथा प्राविधिक शाखा	• निर्धारित मापदण्डहरू र यसको समावेशी विशेषताहरू • मापदण्ड पालना गरेर बनाइएका संरचनाहरूको वृद्धि दर • प्रभावकारी अनुगमन संयन्त्र र अनुगमनका संख्या
	नगरक्षेत्र भित्र रहेका सार्वजनिक सेवा दिने संरचनाहरू, सार्वजनिक यातायात सेवा, सडक, सडकपेटी, पार्क, मनोरन्जन स्थलहरू विपद् प्रतिरोधी, अपाङ्गता, ज्येष्ठ नागरिक, महिला, बालबालिका मैत्री र सबैले पहुँच प्राप्त गर्न सक्ने र प्रयोगकर्ता मैत्री बनाउने ।	सार्वजनिक संरचनाहरूको उपयोगमा सबैको पहुँच प्राप्त हुनेछ ।	• योजना तथा प्राविधिक शाखा	• भौतिक रूपमा अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि मैत्रीपूर्ण हुने सार्वजनिक सेवा दिने कार्यालयहरू र स्थलहरू • जोखिम रहित अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत सबैले सहज रूपमा यात्रा गर्न मिल्ने सार्वजनिक सवारी साधनहरूको संख्या र परिचालन ।

	नगरक्षेत्रभित्र रहेका साना, परम्परागत तथा घरेलु उद्योगहरूलाई प्रवर्धन् गर्ने कार्यक्रम लागू गर्ने ।	साना तथा घरेलु उद्योगमा जनताको संलग्नतामा वृद्धि हुनेछ र रोजगारीका अवसरहरूमा वृद्धि हुनेछ ।	• उद्योग तथा उद्यमशिलता विकास शाखा	• साना तथा घरेलु उद्योगमा नगरबासीको संलग्नतामा भएको वृद्धिको दर
	हानिकारक धुवाँ र ग्यास उत्सर्जन घटाउन विद्यमान मापदण्ड कडाइका साथ लागु गराउने र मापदण्ड पूरा गरी उदाहरणीय काम गर्ने उद्योगहरूलाई पुरस्कृत गर्ने ।	प्रदुषण नियन्त्रण सम्बन्धी मापदण्ड पूरा गर्ने उद्योगहरूको संख्यामा वृद्धि हुनेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• नगरमा औद्योगिक क्षेत्रबाट हुने प्रदुषणमा आएको कमीको दर
	सडकहरू चौडा बनाउने, सडक पेटीहरू पैदल यात्री र अपाङ्गता मैत्री बनाउने, सार्वजनिक सूचना र ट्राफिक व्यवस्थापनलाई चुस्त र पहुँचयुक्त बनाउने ।	सार्वजनिक स्थलहरू प्रयोगकर्ता मैत्री हुनेछन् ।	• योजना तथा प्राविधिक शाखा	• निर्धारित मापदण्ड पूरा भएका सवारी मैत्री र पैदलयात्री मैत्री सडक सञ्जाल तथा अवरोधमुक्त सडक पेटीहरू

	नगर पूर्वाधारको दिगो विकासका लागि अध्ययन अनुसंधान गर्ने	नगर पूर्वाधारको वास्तविक अवस्था पहिचान हुनेछ र पूर्वाधार विकासको लागि योजना निर्माणमा सहज हुनेछ ।	• योजना तथा प्राविधिक शाखा	• अध्ययन प्रतिवेदन
	विपद् व्यवस्थापनलाई हरेक वडामा चुस्त बनाउने र विपद् प्रतिरोधी क्षमता विकास गर्न समुदायमा नियमित रूपमा समावेशी विपद् व्यवस्थापनका लागि तालिम, अभिमुखीकरण, सूचना प्रवाह जारी राख्ने ।	विपद् जोखिम न्युनिकरणका कार्यक्रमहरू समावेशी हुनेछन् र यसका लागि समुदायको सकृयतामा वृद्धि हुनेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• बडा स्तरीय विपद् व्यवस्थापनको संयन्त्र, आकस्मिक प्रतिकार्यको तयारी र क्षमताको अवस्था • विपद् व्यवस्थापनमा तालिमप्राप्त मानव संसाधन र क्षमता • उपलब्ध प्रविधि, साधन र सुरक्षा सामग्री • जनसमुदायमा चेनताको स्तर

दिगो विकास लक्ष्य ११: समावेशी, सुरक्षित, उत्थानशील र दिगो मानव बसोबास सहितको सहर र समुदाय

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

११.१ सन् २०३० सम्ममा सुरक्षित र क्षमताले धान्न सक्ने घर र आधारभतू सेवाहरूमा सबैको पहुँच सनिश्चित गर्ने र गरीब-बस्तीहरू/झुपडपट्टीहरू (Slums) लाई स्तरोन्नति गर्ने ।

११.२. सन् २०३० सम्ममा संकटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका व्यक्तिहरू, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र प्रौढहरूको आवश्यकताहरूलाई विशेष ध्यान दिँदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्वारा सबैका लागि सुरक्षित, क्षमताले धान्नसक्ने, पहुँचयुक्त र दिगो यातायात प्रणालीहरूमा यस्ता व्यक्तिहरूलाई पहुँच दिने ।

११.४.विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरूलाई संरक्षण तथा सुरक्षण दिने प्रयास/प्रयत्नहरूलाई सुदृढ/प्रभावकारी बनाउने ।

११.६. सन् २०३० सम्ममा वायुको गुणस्तर र नगरस्तरीय तथा अन्य फोहोरमैला व्यवस्थापनलाई विशेष ध्यान दिई सहरहरूको प्रतिकूल प्रतिव्यक्ति वातावरणीय प्रभावलाई घटाउने ।

११.७. सन् २०३० सम्ममा विशेषगरेर महिला र बालबालिका, प्रौढ व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित, समावेशी, पहुँचयुक्त र हरित सार्वजनिक स्थलहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने ।

लक्ष्य ११ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipality under Goal 11)

- **गरिबहरू बस्ने आवास क्षेत्रमा सुधार**
- **संरचना र पूर्वाधारहरूमा नगरबासीको स्वामित्व**
- **वातावरणीय प्रदुषणमा न्युनिकरण**

दिगो विकास लक्ष्य ११ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
१. गरीब-बस्तीहरू, अनौपचारिक बस्तीहरू वा अपर्याप्त सुविधा भएका घरहरूमा बसोबास गर्ने शहरी जनसङ्ख्याको अनुपात २. लिङ्ग, उमेर र अपाङ्गता भएका व्यक्तिहरूअनुसार सार्वजनिक संरचना, सेवा सुविधा, यातायातमा सुविधाजनक पहुँच भएका जनसङ्ख्याको अनुपात ३. सबै सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण, सुरक्षा तथा संवर्धनमा गरिएको प्रतिव्यक्ति कुल खर्च (सार्वजनिक र निजी), सम्पदाको प्रकार (सांस्कृतिक, प्राकृतिक, मिश्रित र विश्वसम्पदा केन्द्रले तोकेको, सरकारको तह (राष्ट्रिय, क्षेत्रीय/प्रादेशिक र स्थानीय/नगरपालिका), खर्चको प्रकार (सञ्चालन खर्च/लगानी) र निजी सहयोगको प्रकार (वस्तु/सामग्रीहरूको दान, निजी गैरनाफामूलक क्षेत्र र प्रायोजन) अनुसारका विवरणहरू	नगरक्षेत्रभित्र रहेका असुरक्षित आवास क्षेत्रहरू, गरिब वस्ती र झुपडपट्टीहरूको पहिचान गरी सुरक्षित बनाउन र स्तरोन्नति गर्न सहयोग कार्यक्रम ल्याउने ।	गरिब बस्तिहरूको संरचनामा सुधार आउनेछ र त्यस्ता आवास क्षेत्रहरू सुरक्षित र जोखिमरहित हुनेछन् ।	• योजना तथा प्राविधिक शाखा	
	सहर भित्रका सार्वजनिक स्थल, भौतिक संरचनाहरू निर्माण गर्दा, सडक तथा यातायात सुविधाहरू उपलब्ध गराउँदा, सेवा प्रणालीहरू निर्माण गर्दा जनसंख्याको विविधता हेरेर योजना निर्माण, कार्यान्वयन गर्ने र अनुगमन प्रकृयामा महिला, दलित, जनजाति, आदिवासी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, युवा, बालबालिकाको सहभागिता र उनीहरूसँगको परामर्श सुनिश्चित गर्ने ।	नगरक्षेत्रभित्र बन्ने संरचना र पूर्वाधारमा सबै समुदायको स्वामित्व हुनेछ र सबैका लागि उपयोगी र पहुँचयुक्त हुनेगरी समावेशी बन्नेछन् ।	• योजना तथा प्राविधिक शाखा	• नगरले नगरबासी तथा विभिन्न समुदायलाई लक्षित गरेर बनाएका योजनाहरूको संख्या र योजनाले समेटेका कार्यक्रमहरू • योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रकृयामा विभिन्न समुदायका प्रतिनिधिहरूको सहभागिताको अवस्था र संख्या • योजना निर्माण र कार्यान्वयनमा समेटिएका विभिन्न समुदायका सवालहरू
	कीर्तिपुर नगरपालिका भित्र रहेका परम्परागत सांस्कृतिक चाडपर्व पर्व र जात्राहरू, ऐतिहासिक तथा धार्मिक स्थलहरू, पूराना सांस्कृतिक तथा प्राकृतिक संपदाहरूको पहिचान, संरक्षण, जीर्णोद्वार र मर्मतका लागि नियमित कार्यक्रमहरू लागु गर्ने ।	पूराना सांस्कृतिक र प्राकृतिक संपदाहरू संरक्षित हुनेछन् ।	• सामाजिक विकास शाखा	• नगरक्षेत्रभित्र पहिचान गरी संरक्षण गरिएका पूराना सांस्कृतिक र प्राकृतिक संपदाहरूको प्रकार र संख्या

४. नियमित रूपमा सङ्कलन गरिएको सहरी फोहोरमैलाको हिस्सा र उत्पादन/सिर्जना गरिएको कुल सहरी फोहोरमैलामध्ये पर्याप्त मात्रामा यस्तो फोहोरको अन्तिम विसर्जन गर्ने सहरहरू । ५. योजनाबद्ध रूपमा सार्वजनिक प्रयोगका लागि विकास गरिएका सहरहरूको खुला क्षेत्रहरू को औसत अनुपात (लिङ्ग, उमेर र अपाङ्गता भएका व्यक्तिअनुसार)	वातावरणमैत्री सवारी साधन, प्रदुषणमुक्त कलकारखाना र दिगो फोहोरमैला व्यवस्थापनलाई नगरक्षेत्रमा प्राथमिकताका साथ लागु गराउने ।	नगरक्षेत्रभित्र वातावरणीय प्रदुषणमा न्युनिकरण हुनेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• वातावरण प्रदुषणको दरमा आएको कमी

वातावरणीय व्यवस्थापन

(दिगो विकास लक्ष्य १२, १३, १४ र १५)

दिगो विकास लक्ष्य १२:
दिगो उपभोग र उत्पादन ढाँचा

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

१२.१. विकासोन्मुख देशहरूको विकासलाई दृष्टिगत गर्दै सबै देशहरूले दिगो उपभोग र उत्पादन कार्यक्रमहरूको १० वर्षिय ढाँचा/खाका (Framework) कार्यान्वयन गर्नेका साथै यस कार्यमा विकसित देशहरूले नेतृत्व लिने ।

१२.३. खुद्रा र उपभोक्ताहरूको तहमा हुने प्रतिव्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोग/व्यर्थ प्रयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र बाली भित्र्याइसकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति शृङ्खलामा हुने खाद्यान्नको क्षतिलाई घटाउने ।

१२.४. सम्झौता गरिएको अन्तर्राष्ट्रिय फ्रेमवर्कहरूअनुरूप रसायनिक पदार्थहरू र सबै फोहोरमैलाहरूको जीवनचक्रभरि वातावरणीय दृष्टिकोणले प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने साथै मानव स्वास्थ्य र वातावरणमा पर्ने यिनीहरूको प्रतिकूल प्रभावलाई न्यून पार्नका लागि वायु, जल र माटोमा गरिने यस्ता वस्तुहरूको विसर्जनलाई उल्लेख्य रूपमा घटाउने ।

१२.५. सन् २०३० सम्ममा फोहोरमैलाको उत्पादनलाई निषेध/रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरूलाई पुनः प्रशोधनका साथै पुनः प्रयोग गरेर उल्लेख्य रूपमा घटाउने ।

१२.६. कम्पनीहरू विशेषगरी ठूला र बहुराष्ट्रिय कम्पनीहरूलाई दिगो अभ्यासहरू/पद्धतिहरू (Practices) अवलम्बन गर्न र आफ्ना रिपोर्टिङ प्रतिवेदनहरूमा दिगोपनासम्बन्धी सूचनाहरू समावेश गर्न प्रेरित गर्ने ।

१२.७. दिगो प्रकृतिका सार्वजनिक खरिद प्रणाली/पद्धतिहरूलाई राष्ट्रिय नीतिहरू र प्राथमिकताहरूअनुरूप प्रवर्धन् गर्ने ।

१२.८. सन् २०३० सम्ममा जुनसुकै स्थानमा रहेका व्यक्तिहरूसँग दिगो विकास र प्रकृतिसँग तालमेल/सङ्गति भएको जीवनपद्धतिका सान्दर्भिक सूचनाहरू रहेको साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने ।

लक्ष्य १२ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipality under Goal 12)

- **अनुत्पादक खर्च र तडकभडकमा नियन्त्रण**
- **खाद्य पदार्थको संरक्षण तथा स्थानीय उत्पादनमा प्रवर्धन्**

दिगो विकास लक्ष्य १२ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
• स्थानीय सरकारसँग दिगो उपभोग र उत्पादनसम्बन्धी कार्ययोजना भएको • खाद्य वस्तुमा हुने नोक्सानीको सुचकाङ्क • स्रोतसाधनहरूको उपयोगमा आधारित सूचक मेटरियल फुटप्रिन्ट, प्रतिव्यक्ति मेटरियल फुटप्रिन्ट र प्रति कुल गार्हस्थ्य उत्पादन मेटरियल फुटप्रिन्ट • दिगो प्रकृतिका सार्वजनिक खरिद नीतिहरू र कार्ययोजनाहरू स्थानीय तहबाट लागू भईरहेको अवस्था *पुनः प्रशोधन दर, पुनः प्रशोधन गरिएका वस्तुहरू (टनमा)*	नगरक्षेत्रभित्र दिगो उत्पादन र उपभोगलाई प्रवर्धन् गर्ने कार्यक्रम बनाइ लागु गर्ने ।	उत्पादन र उपभोगको दिगोपनामा सुधार हुनेछ ।	• योजना तथा प्राविधिक शाखा	• संचालित कार्यक्रम र यसबाट लाभान्वित क्षेत्र र जनताको अनुपात
	सांस्कृतिक चाडपर्वबाडमा, जात्रा, पर्व, सामाजिक भेलाहरूमा हुने अनावश्यक र अनुत्पादक तडकभडक र खर्चलाई कम गर्ने मापदण्डहरू निर्धारण गर्ने र समुदायमा पालना गराउने ।	अनुत्पादक खर्च, अनावश्यक उपभोग र तडकभडकमा कमी आउनेछ ।	• प्रशासन शाखा	• तोकिएका मापदण्डहरू • मापदण्डहरूको पालना र अनुत्पादक खर्चको घट्दो दर
	अनावश्यक उपभोग र अनुत्पादक खर्च कम गर्न समुदायमा जनचेतना मूलक कार्यक्रम संचालन गर्ने र उपभोग्य वस्तुहरूको आपूर्ति र भण्डारणको क्रममा हुने क्षति र नोक्सानीलाई कम गर्ने उपयुक्त प्रविधिको उपयोग गर्ने ।	अनुत्पादक खर्च, अनावश्यक उपभोग र खाद्य वस्तु वा उपभोग्य वस्तुमा हुने अनावश्यक र अनपेक्षित नोक्सानीमा कमी आउनेछ ।	• प्रशासन शाखा	• संचालित जनचेतनामूलक कार्यहरू र लाभान्वित संख्या • उपभोग्य वस्तुहरूको नोक्सानीमा कमी ल्याउन प्रयोग गरिने प्रविधि र उपायहरू

	खाद्य पदार्थ तथा अन्य वस्तुहरूको अनियन्त्रित उपभोग र नोक्सानीलाई कम गर्न समुदाय शिक्षा कार्यक्रम लागु गर्ने र संचारमाध्यमबाट बहस र चेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।	खाद्य पदार्थको संरक्षण र भण्डारणमा समुदायका नागरिकहरू जिम्मेवार हुनेछन् र खानेकुराहरूको नोक्सानीमा कमी आउनेछ ।	• प्रशासन शाखा	• समुदाय स्तरमा संचालित कार्यक्रमहरूको संख्या र लाभान्वित संख्या • संचार माध्यमबाट संचालित कार्यक्रमहरूको संख्या ।
	नगर क्षेत्र भित्रै उत्पादन हुने उपभोग्य वस्तु तथा सेवाको पहिचान, संरक्षण र प्रवर्धन्का कार्यक्रमहरू संचालन गर्ने ।	स्थानीय उत्पादनले प्राथमिकता पाउनेछ ।	• कृषि शाखा	• स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोग गर्ने नागरिकहरूको संख्यामा भएको वृद्धि
	हानिकारक फोहोरमैलाको उत्पादन हुने गतिविधिहरू पहिचान गरी रोक्ने, न्यूनीकरण गर्ने र निरूत्साहित गर्ने कार्यक्रम लागु गर्ने र पुन प्रशोधन गर्न मिल्ने फोहोरमैलाहरूको प्रशोधनलाई व्यावसायीकरण गर्न अनुदान तथा प्रोत्साहन कार्यक्रम लागु गर्ने ।	हानिकारक फोहोरमैलाको उत्पादनमा कमी आइ वातावरण प्रदुषण कम गर्ने सहयोग पुग्नेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• हानिकारक फोहोरमैलाको उत्पादन हुने क्षेत्रहरूको पहिचान र यसको उत्पादनको घट्दो दर ।

दिगो विकास लक्ष्य १३: जलवायू परिवर्तन र यसको असरसँग लड्न तत्कालिन कदमहरू ।

दिगो विकास लक्ष्य १५: स्थलीय इकोसिस्टमको संरक्षण, वनको दिगो व्यवस्थापन, मुरुभूमीकरण रोक्ने, जैविक बिविधतामा हुने क्षति रोक्ने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरु

१३.१. सबै देशहरूमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूका साथै प्राकृतिक विपद्हरूको सामना गर्न उत्थानशील (Resilient) र अनुकूलन क्षमतालाई सुदृढ गर्ने ।

१३.२. जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने।

१३.३. जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, प्रभाव घटाउन र पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने।

१५.१. सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताहरूअन्तर्गतका दायित्वहरूअनुरूप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनीहरूको सेवाहरू विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालय र सुख्खा क्षेत्रहरूको संरक्षण, पुनस्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने ।

१५.२. सन् २०२० सम्ममा सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वन फडानी रोक्ने, ह्रास भएको वनको पुनःस्थापना गर्नुका साथै वृक्षारोपण र विनाश भएको वनमा पुनः रूखविरुवा लगाउने ।

१५.३. सन् २०२० सम्ममा मरुभूमीकरण, सुख्खा र खाद्य वस्तुहरूद्वारा नकारात्मक रूपमा प्रभावित जमिन लगायतका क्षय भएको (Degraded) जमिन र माटोको पुनस्थापन गर्ने र एउटा भूक्षय निरपेक्ष विश्व (जमिनका स्रोतसाधनहरूको मात्रा र गुणस्तर स्थिर वा वृद्धि हुने अवस्था) प्राप्त गर्नेतर्फ प्रयासरत (क्तचष्खभ) रहने ।

लक्ष्य १३ र १५ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipality under Goal 13)

- **विपद् जोखिम न्यूनीकरणमा समुदायको संलग्नता**
- **सवारीजन्य प्रदुषणमा न्युनिकरण**
- **खुला स्थान, ताल तलैया, वन जंगलको संरक्षण**

दिगो विकास लक्ष्य १३ र १५ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
• स्थानीय सरकारसंग स्थानीय विपद् जोखिम न्यूनीकरण योजना रणनीति भएको । • विपद्हरूको कारण मृत्यु वरण गरेका, हराइरहेका र प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूको अनुपात (प्रति १ लाख जनसङ्ख्यामा) • स्थानीय सरकारद्वारा जलवायु अनुकुलन सम्बन्धी एकीकृत नीति/रणनीति/योजना तर्जुमा र कार्यान्वयन भएको-जसबाट जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्ने क्षमता तथा जलवायु उत्थानशिलतामा अभिवृद्धि	नगरक्षेत्रभित्र वडा तहमा विपद् व्यवस्थापन समितिको क्षमता विकास गर्ने र विपद् जोखिम न्यूनीकरणको काममा सकृय गराउने ।	विपद् जोखिम न्यूनीकरणमा समुदाय जिम्मेवार बन्दै जानेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• संचालित क्षमता विकास कार्यक्रमहरू, विपद् जोखिम न्यूनीकरणका लागि वडा स्तरमा गरिएको पूर्व तयारीको अवस्था
	सहर भित्र संचालित उद्योग र यातायातका साधन हरूबाट हुने जलवायू प्रदुषण कम गर्न मापदण्डहरू तोक्ने र लागु गराउने ।	नगरमा उद्योग र सवारीसाधनबाट हुने प्रदुषण घट्नेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• निर्धारित मापदण्डहरू र लागु गराउन गरिएका कृयाकलापहरूको संख्या । • प्रदुषणको दरमा आएको कमी
	मापदण्ड लागू गर्ने उद्योग, कल कारखाना र सवारी कम्पनीहरूलाई पुरस्कृत गर्ने ।	प्रदुषणमुक्त नगर बनाउन सबै सरोकारवाला जिम्मेवार हुनेछन् ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• मापदण्ड लागु गर्ने कारखाना र उद्योगहरूको संख्या

• स्थानीय सरकारद्वारा जलवायु परिवर्तनमा कमी, अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्वसावधानी जस्ता विषयलाई प्राथमिक र माध्यमिक शिक्षाको पाठ्यक्रममा एकीकृत गरेको • कुल भू-क्षेत्रको अनुपातमा वन क्षेत्र • दिगो वन व्यवस्थापन सम्बन्धी प्रगति • कुल भूभागमध्ये गुणस्तर क्षय भएको जमिनको अनुपात	नगरक्षेत्र भित्रका ताल तलैया, सीमसार र वन जंगल संरक्षणका लागि मापदण्ड र योजना लागू गर्ने र नांगा डाँडा र खुला ठाउँहरूमा वृक्षारोपण गर्ने ।	नगरक्षेत्र भित्रका नदि, सिमसार, तालतलैया र वनजंगलहरू संरक्षित हुनेछन् ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• संरक्षित सिमसार र ताल तलैयाको संख्या
	हरित सहरको योजना निर्माण गरी खुला स्थानहरूमा बगैंचा निर्माण र वृक्षारोपण गर्ने ।	खुला स्थानहरूमा हरियाली बृद्धि भई वातवरण संरक्षणमा योगदान पुग्नेछ	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• सहरभित्र निर्मित बगैंचा र वृक्षारोपणको संख्या • संरक्षित वनजंगल, बन्य जन्तु र वृक्षारोपण गरिएका खुला स्थानहरू ।
	नगर क्षेत्रभित्र भू क्षय हुने, माटो वग्ने र पहिरो जाने ठाउँहरूको पहिचान गरी नियन्त्रणका उपायहरू अपनाउने ।	भू-क्षय र पहिरोमा कमी आउनेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• पहिचान गरिएका ठाउहरूको संख्या, क्षेत्रफल र नियन्त्रणका लागि अपनाइएका उपायहरू
	जलवायु संरक्षण सम्बन्धी विद्यालयहरूमा शिक्षा दिने व्यवस्था मिलाउने ।	जनतामा जलवायुको संरक्षण सम्बन्धमा चेनता वृद्धि हुनेछ ।	• वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा	• विद्यालयहरूमा जलवायु संरक्षण सम्बन्धी पाठ्यक्रमहरू

संस्थागत विकास र सुशासन

(दिगो विकास लक्ष्य १६ र १७)

दिगो विकास लक्ष्य १६: दिगो विकासका लागि शान्तपूर्ण र समावेशी समाज, सबैका लागि न्यायमा पहुँच ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

१६.१. सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदर उल्लेख्य रुपमा कम गर्ने।

१६.२. दुरुपयोग, शोषण, तस्करी र बालबालिकाहरूमाथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने ।

१६.३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरहरूमै कानूनको शासन प्रवर्धन् गर्ने र न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने ।

१६.५. सबै प्रकार/स्वरूपहरूका भ्रष्टाचार र घूसखोरीलाई उल्लेख्य रूपमा घटाउने ।

१६.६. सबै तहहरूमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरू स्थापना गर्ने ।

१६.७. सबै तहहरूमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक नीति-निर्माण सुनिश्चित गर्ने ।

१६.९. सन् २०३० सम्ममा जन्मदर्ता लगायतमा अन्य कानूनी पहिचान सबैलाई प्रदान गर्ने

१६.१०. राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौताहरूअनुरूप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताहरूको रक्षा गर्ने।

लक्ष्य १६ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipality under Goal 16)

- **नगरक्षेत्रभित्र हुने विभिन्न हिंसा र अपराधका घटनाहरूमा न्यूनीकरण**
- **नगरको न्याय सम्पादनमा सुधार र सबैले न्याय सम्बन्धी सेवा सहज रूपमा पाउने वातावरण निर्माण**
- **नगरपालिकाका विभिन्न शाखाहरूले सर्वसाधारणलाई दिने सेवाहरूको चुस्तता र गुणस्तरमा वृद्धि**
- **सेवामा कर्मचारीको क्षमतामा विकास र सीमान्तकृतहरूका लागि सेवामा विशेष प्राथमिकता**

दिगो विकास लक्ष्य १६ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
• लिङ्ग र उमेरअनुसार अन्तर्राष्ट्रिय नरसंहारसम्बन्धी गतिविधिहरूबाट पीडितहरूको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा) • आफ्नो वरपरको क्षेत्रमा एक्लै हिड्डुल गर्दा सुरक्षित महसुस गर्ने जनसंख्याको अनुपात । • वितेको १२ महिनामा हेरचाह गर्ने व्यक्तिहरूद्वारा कुनै पनि किसिमको दण्ड मनोवैज्ञानिक त्रास/आक्रमणको अनुभव गरेका १ देखि १७ वर्ष उमेरका बालबालिकाहरूको अनुपात • लिङ्ग, उमेर र शोषणको स्वरूपअनुसार मानव तस्करीमा परेका पीडितहरू(प्रति १ लाख जनसङ्ख्यामा)	समाजमा विभिन्न कारणले मानवमाथी हुने हिंसा (खास गरेर बाल हिंसा, महिला हिंसा, यौन हिंसा, अपाङ्गता भएका र ज्येष्ठ नागरिक माथि हुने हिंसा, घरेलु हिंसा लगायत) का स्वरूपहरू पहिचान गरी हिंसा नियन्त्रणका लागि प्रहरी प्रशासनलाई सकृय बनाउने साथै विभिन्न प्रबिधिमैत्री तालिम उपलब्ध गराउने ।	नगरक्षेत्रभित्र हिंसाका घटनाहरूमा कमी आउनेछ ।	• सामाजिक विकास शाखा	• नगरक्षेत्रभित्र हिंसाको दरमा आएको कमी
	समुदायमा विभिन्न आधारमा गरिने विभेद (जस्तै अपाङ्गता, लैङ्गिक, उमेर, जात, वर्ण, धर्म, आर्थिक अवस्था) हरू विरूद्ध उजुरी लिने प्रकृयालाई सहज र पारदर्शी बनाउने ।	सबै प्रकारका मानिसहरूले विभेद विरूद्ध सहजै र निर्भय रूपमा उजुरी गर्न सक्नेछन ।	• प्रशासन शाखा	• विभेद विरूद्ध भएका उजुरीहरूको दर र समाधानको दर ।
	हिंसा विरूद्ध समुदायलाई जिम्मेवार बनाउन समुदाय स्तरमा जनचेतना, कानुनी शिक्षा र अभिमुखीकरणका कार्यक्रमहरू संचालन गर्ने ।	हिंसा विरूद्धका गतिविधिहरूमा समुदायका मानिसहरू स्वयम सकृय हुनेछन् र हिंसामा कमी आउनेछ ।	• सामाजिक विकास शाखा	• हिंसाका घटनाहरूको दरमा आएको कमी

• उमेर अनुसार १८ बर्षको उमेर सम्म यौन हिंसाको सामना गरेका १८ देखि २९ बर्ष उमेरका युवा युवतीहरूको अनुपात • अधिकार प्राप्त निकायहरूसमक्ष वा औपचारिक रूपमा मान्यताप्राप्त द्वन्द्व समाधान संयन्त्रहरूसमक्ष विगत १२ महिनामा आफूलाई सिकार/पीडित बनाइएको कुराको उजुरी गर्ने हिंसापीडितहरूको अनुपात • विगत १२ महिनाको अवधिमा सरकारी कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरूलाई घूस दिएका वा सरकारी अधिकारीहरूद्वारा घूस माग गरिएका व्यक्तिहरूको अनुपात ।	नगरपालिकाको न्यायिक समितिको क्षमता विकास गर्ने र सबै वर्ग र समुदायका व्यक्तिहरूलाई न्याय सेवा दिन संक्षम बनाउने ।	न्यायिक समितिबाट सम्पादन हुने न्यायमा प्रभावकारिता आउनेछ ।	• प्रशासन शाखा	• संचालित क्षमता विकासका कार्यक्रमहरू
	नगरपालिकाको गुनासो दर्ता प्रणालीलाई सबैका लागि पहुँचयुक्त बनाउने (अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, ज्येष्ठ नागरिक, गरिब तथा विपन्न, निरक्षर लगायत) ।	सबै प्रकारका नागरिकहरूले गुनासो दर्ता गर्न सक्नेछन् ।	• प्रशासन शाखा	• पहुँचयुक्त गुनासो दर्ता र सुनुवाइ प्रणाली
	भ्रष्टाचार विरूद्धका कारवाहीलाई सशक्त बनाउने र नगरपालिकामा भ्रष्टाचार हुन नदिन सार्वजनिक सेवालाई प्रविधिसँग जोडेर थप पारदर्शी बनाउने ।	सार्वजनिक सेवाहरू प्रविधियुक्त हुनेछन् र छिटो-छरितो ढंगबाट नगरबासीहरूले सेवाहरू पाउनेछन् । भ्रष्टाचार नियन्त्रण थप प्रभावकारी हुनेछ ।	• प्रशासन शाखा	• कारवाहीको संख्या • संभावित भ्रष्टाचार हुन नदिन संचालन गरिएका पारदर्शी सेवाहरू • प्रविधिमार्फत गरिने निगरानीहरू • अनलाईन सेवा संचालन

• सार्वजनिक सेवाहरूका सम्बन्धमा आफ्नो पछिल्लो अनुभव राम्रो भएका जनसङ्ख्याको अनुपात । • लिङ्ग, उमेर, अपाङ्गता तथा जनसांख्यिक समुदायका आधारमा निर्णय प्रकृया समावेशी र उत्तरदायी भएकोमा विश्वस्त जनसंख्याको अनुपात	नगरपालिकाका कर्मचारीहरूको सूचना प्रविधिमा पहुँच बढाउन आवश्यक तालिम दिने र साधन सम्पन्न बनाउने ।	कर्मचारीहरूको कार्यम्पादनमा वृद्धि हुनेछ ।	• प्रशासन शाखा	• संचालित तालिमहरू • सेवा सुविधालाई सहज बनाउन जडित प्रविधि
	अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायलाई नगरपालिकाले उपलब्ध गराउने सार्वजनिक सेवामा विशेष प्राथमिकता दिने ।	अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायले नगरपालिकाबाट सहजै सेवाहरू पाउनेछन् ।	• प्रशासन शाखा	• अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका लागि गरिएको पहुँचयुक्त र विशेष व्यवस्था
	नगरबासीहरूलाई कानुनी हकहरू यसको उपयोगको बारेमा विभिन्न प्रकाशनहरूको माध्यमबाट जानकारी गराउने		• प्रशासन शाखा	

दिगो विकास लक्ष्य १७: दिगो विकासका लागि कार्यान्वनयका उपाय/ साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुन जीवन्त तुल्याउने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

१७.१. करका साथै अरू प्रकारका राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्नको लागि विकासशील देशहरूलाई दिइने अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने ।

१७.२. आफ्नो कुल राष्ट्रिय आम्दानीको ०.७ प्रतिशत विकासशील देशहरूलाई र ०.१५ देखि ०.२० प्रतिशत अति कम विकसित देशहरूलाई प्रदान गर्ने लक्ष्य हांसिल गर्न धेरै विकसित देशहरूद्वारा गरिएको प्रतिबद्धता लगायत विकसित देशहरूले गरेका आधिकारिक सहायता प्रतिबद्धताहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने ।

१७.१५. गरीबी उन्मूलन र दिगो विकासका लागि नीतिहरू तर्जुमा (Establish) र कार्यान्वयन गर्न प्रत्येक देशको नीति निर्माणको दायरा (Policy space) र नेतृत्वलाई सम्मान गर्ने ।

१७.१७. साझेदारीहरूको अनुभव र स्रोतहरूको व्यवस्थापनसम्बन्धी रणनीतिहरूको जगमा (building on) प्रभावकारी सार्वजनिक, सार्वजनिक-निजी र नागरिक समाजसम्बन्धी साझेदारीहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने

१७.१८. सन् २०२० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढवा दिने र आय, लिङ्ग, उमेर, जाति, वर्ण, बसाइँसराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति/स्थान र अन्य विशेषताहरूअनुसार खण्डीकृत (Disaggregated) गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दा तथ्याङ्कलाई उल्लेख्य रूपमा वृद्धि गर्ने

लक्ष्य १७ अन्तर्गत कीर्तिपुर नगरपालिकाका प्राथमिकताहरू (Priorities of Kirtipur Municipality under Goal 17)

- **नगरबासीहरूको स्पष्ट र विस्तृत तथ्याङ्क**
- **सेवामा प्रविधिको प्रयोग**

दिगो विकास लक्ष्य १७ का लागि कीर्तिपुर नगरपालिकाको कार्ययोजना

दिगो विकासका लागि स्थानीय सूचक	योजना	अपेक्षित उपलब्धि	पालिकाको जिम्मेवार इकाई	उपलब्धि/अनुगमन सूचक
• स्थानीय तहको कुल बजेटमा आन्तरिक आयको हिस्सा • इन्टरनेट प्रयोग गर्ने व्यक्तिहरूको अनुपात • विकास सहायता प्रदान गर्ने मुलुक/संस्थाहरूद्वारा मुलुकले निर्धारण गरेका नतिजा तालिकाहरू र योजनाका औजारहरूको प्रयोगको हद/मात्रा • सार्वजनिक-निजी र नागरिक समाजसम्बन्धी साझेदारीहरूलाई प्रदान गर्न प्रतिबद्धता गरिएको रकमको मात्रा	नगरपालिकाको कर प्रणालीलाई चुस्त छरितो, आधुनिक, सूचना प्रविधियुक्त र सुदृढ बनाउन अन्तर्राष्ट्रिय सहायताका लागि अपिल गर्ने ।	नगरपालिकाको कर प्रणालीमा सुधार आउनेछ र कर संकलनमा वृद्धि हुनेछ ।	• राजश्व शाखा	• सुदृढ गरिएको कर प्रणाली र कर संकलनमा भएको वृद्धिको अनुपात
	नगरपालिकाका क्षेत्रमा सूचना प्रविधिको विकासका लागि विकसित देशले अविकसित देशहरूलाई दिने सहायताको अवसर प्राप्त गर्नका लागि चाहिने तयारी र पहलहरू गर्ने ।	सार्वजनिक सेवा लिन नगरबासीहरूमा सूचना प्रविधिको प्रयोगमा वृद्धि हुनेछ ।	• योजना तथा प्रविधि शाखा	• सूचना प्रविधि वा इन्टरनेट प्रयोग गर्ने नगरबासीहरूको अनुपात

	विभिन्न जनताका सरोकारका विषयहरू र सामाजिक सवालहरूमा (गरिवी निवारण, महिला हिंसा, दलितका सवालहरू, अपाङ्गताका सवालहरू, बालबालिका इत्यादि) सार्वजनिक निजी साझेदारीको नीति लिई विभिन्न गैरसरकारी तथा निजी संस्थाहरूसँगको सहकार्यमा कार्यक्रमहरू संचालन गर्ने ।	गैर सरकारी र निजी संस्थाहरूसँगको सहकार्यमा वृद्धि भई नगर विकासमा सरोकारवालाहरूको स्वामित्वमा वृद्धि हुनेछ ।	• सामाजिक विकास शाखा	• सार्वजनिक-निजी साझेदारीमा संचालित योजनाहरूको संख्या र लाभान्वित समूहका संख्या
	नगरपालिका भित्र बसोबास गर्ने सबै प्रकारका व्यक्तिहरू जाति, वर्ग, समुदाय, लिङ्ग, अपाङ्गता, उमेर, वसाइँ सराइ, आर्थिक अवस्था, जस्ता विशेषताको आधारमा नगरपालिकामा खण्डिकृत तथ्याङ्क राख्ने र नियमित रुपमा अध्यावधिक गर्ने प्रणाली र संयन्त्र स्थापित गर्ने ।	सबै वर्ग र समुदायका मानिसहरूको स्पष्ट तथ्याङ्क स्थापित भई नीति तथा कार्ययोजना निर्माण र सेवा सुविधाको प्रवाहमा सहजता आउनेछ ।	• योजना तथा प्राविधिक शाखा	• नगरबासीहरूको खण्डिकृत तथ्याङ्क र सो तथ्याङ्कका आधारमा बनाइएका नीति, कार्यक्रम र योजनाहरू

अनुगमन तथा मुल्याङ्कन

कीर्तिपुर नगरपालिकाले तयार गरेको दिगो विकास लक्ष्य सम्बन्धी कार्ययोजनाको अनुगमन तथा मुल्याङ्कन गर्न देहायबमोजिमको ६ सदस्यीय निर्देशन समिति गठन गरिनेछ ।

१. नगरपालिकाको प्रमुख (मेयर) - अध्यक्ष

२. नगरपालिकाको उपप्रमुख (उपमेयर) - उपाध्यक्ष

३. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. अध्यक्षले निजी क्षेत्र र नागरिक समाजबाट मनोनित गरेका दुई जना प्रतिनिधि (१ महिला अनिवार्य) - सदस्य

५. सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

उल्लेखित समितिले माथि बनेको आवधिक योजनामा तय गरिएका अनुगमन सूचकहरू, उल्लेखित आवधिक योजना अनुसार बार्षिक योजनामा संलग्न कार्यक्रम, अपेक्षित उपलब्धि, लाभग्राहीको संख्या, बजेट, विस्तृत कार्ययोजना आदिलाई मुख्य सूचक बनाई यसलाई थप मापनयोग्य बनाउन अरू सूचकहरू थप गर्न सक्नेछ । कार्ययोजनाको मुल्याङ्कन बार्षिक रूपमा हरेक वर्ष गरिनेछ । अनुगमन सूचकहरूका आधारमा नियमित कार्यतालिका बनाई अनुगमन गरिनेछ र वर्षको एक पटक विज्ञको समेत सहयोग लिई मुल्याङ्कन गर्नेछ । अनुगमन गर्नका लागि चाहिने विधि र साधनहरूको निर्माण अनुगमन समितिले गर्नेछ । उक्त विधि र उपकरणहरूको प्रयोग गरी गरिएको अनुगमन तथा मुल्याङ्कनबाट आएका तथ्याङ्कहरूलाई कम्प्युटर प्रणालीमा पालिकामा संकलन गरिनेछ । संकलित तथ्याङ्कको वर्गीकरण र विश्वेलक्ष्यण गरी हरेक वर्ष अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन तयार गरिनेछ । नियमित रूपमा गरिएको अनुगमन र बार्षिक रूपमा गरिएको मुल्याङ्कनको प्रतिवेदन हरेक वर्ष नगरसभासमक्ष पेश गरिनेछ ।

"सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!"

कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं